# विश्वशान्ति चिरन-मिलन क्याम्पस
# वार्षिक प्रगति प्रतिवेदन
# २०८०/०८१

## १. पृष्ठभूमि (Background)

प्रकृति प्रदत्त मानवले आर्जन गरेका वा अनुभव गरेका कुनै पनि सिप, ज्ञान, चिन्तन, धारणा नै सिकाइ हुन् । पछिल्ल्लो चरणमा मानवद्वारा निर्मित कृत्रिम वैज्ञानिक आविष्कारलाई पनि सिप वा ज्ञानका रूपमा लिइएको छ । त्यही ज्ञानलाई एकअर्कामा हस्तान्तरण गर्ने, प्रचारप्रसार गर्ने र नयाँ जनशक्ति तयार पार्ने माध्यम नै शिक्षा हो । यो पक्रिया सृष्टिको प्रारम्भिक अवस्थादेखि नै निरन्तर रूपमा सञ्चालित छ र अब पनि सञ्चालनमा रहिरहने छ । सोही सन्दर्भमा व्यक्तिको विकास र क्षमता वृद्धिका निम्ति ज्ञानका आवश्यकता छ र त्यो ज्ञान प्राप्त गर्ने माध्यम शिक्षा हो ।

वर्तमान अवस्थामा शिक्षाले नयाँ फड्को मारेको छ । विज्ञानले ब्रह्माण्डलाई फन्को मारिसकेको छ । आजको मानव प्राचीन शिक्षाभन्दा आधुनिक शिक्षाप्रति आकर्षक देखिन थालेको छ । प्रत्यक्ष रूपमा जीविकोपार्जनसँग जोडिएको हुँदा आधुनिक शिक्षा बढी लोकप्रिय बन्दै गएको हुन सक्छ । आत्मिक ज्ञानभन्दा भौतिक ज्ञान मानवसँग बढी प्रत्यक्ष सम्बन्ध राख्ने हुँदा आजको मानव आधुनिक ज्ञानको खोजीमा छ । समय सन्दर्भले रोजगारीमूलक, सिपमूलक, व्यावसायिक शिक्षा नै आजको आवश्यकता पनि हो ।

शिक्षा युगानुकूल र शिक्षार्थीको अभिरुचिसँग जोडिनु आवश्यक छ । राष्ट्रको आकाङ्क्षा, अन्तर्राष्ट्रिय परिवेशसँग समकक्षता र स्थानीय स्रोतसाधनको सदुपयोग गर्न सक्ने शिक्षाले नै उत्पादित जनशक्ति लाभान्वित हुने छन् । त्यसमा आफ्नो मौलिक सभ्यता, संस्कृति, आचरण, कला र देशको पहिचान गराउने शिक्षा सँगसँगै जोडिनु आवश्यक छ ।

अबको शिक्षा गुणस्तरमा केन्द्रित हुन सकेन भने उत्पादित जनशक्ति डस्बिनमा थुप्रिने छन् र फोहोरको डङ्गुरमा सड्ने खतरा प्रबल रहेको छ । तसर्थ व्यावसायिक, सिपमूलक, रोजगारमुखी, पेसागत, वैज्ञानिक, अनुसन्धानमुखी, क्षमतामूलक, प्रविधियुक्त, कार्यमूलक, जीवनोपयोगी, व्यवस्थापकीय, प्रभावकारी, अपाङ्गमैत्री, नैतिकवान्, आचरणयुक्त, देशभक्तिपूर्ण र आत्मसन्तुष्टि प्रदान गर्न सक्ने हुनुपर्छ । यिनै विषयवस्तुममा केन्द्रित भई हरेक नेपाली नागरिक शिक्षाबाट वञ्चित हुनुहुँदैन भन्ने मूल उद्देश्यका साथ विश्वशान्ति चिरन मिलन क्याम्पस २०४८ सालमा स्थापना भएको हो । काठमाडौँ जिल्लाको काठमाडौँ महानगरपालिका वडा नं. ३ स्थित महाराजगञ्ज, बाँसबारीमा अवस्थित जनस्तरबाट सञ्चालित मुनाफारहित सामुदायिक शैक्षिक संस्था रूपमा परिचित यस संस्थाले ३ दशक अवधि बिताइसकेको छ । यो लामो अनुभवले पनि शिक्षामा गुणस्तर पहिल्याउन क्याम्पस सक्षम बन्दै गएको छ ।

## २. शैक्षिक प्रगति (Academic Progress)

### २.१ शैक्षिक कार्यक्रम (Programs)

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस क्याम्पसमा प्रवीणता प्रमाण तहबाट कक्षा सञ्चालन गरिएको थियो । न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले खोलिएको यस क्याम्पसमा

२०६२ सालमा व्यवस्थापन संकाय र २०६३ मा मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत स्नातक तहको सम्बन्धन प्राप्त गरी हालसम्म यिनै विषयहरूमा पठनपाठन हुँदै आएको छ ।

यस क्याम्पसमा सञ्चालित व्यवस्थापन र मानविकी सङ्कायका कक्षाहरू बिहानी सत्रमा सञ्चालित छन् । व्यवस्थापनतर्फ बिबिएस तथा मानविकीतर्फ बिए चारवर्षे कोर्स सञ्चालित छ । मानविकी तर्फ चार वर्षे कोर्सअन्तर्गत अनिवार्य अंग्रेजी, ऐच्छिक नेपाली, ऐच्छिक अंग्रेजी, सामाजिक र आमसंचार तथा पत्रकारिता विषयमा पठनपाठन भइरहेको छ ।

यस क्याम्पसमा खास गरी दुर्गम जिल्ला ओखलढुंगा, सिन्धुपाल्चोक, दोलखा, लमजुङ्ग, गोर्खा आदि गरी ६० भन्दा बढी जिल्लारूबाट काठमाडौँ आई बसोबास गर्ने विद्यार्थीहरू रहेका छन् । अत्यन्त न्यून आर्थिक अवस्था भएका विद्यार्थीहरूको पठनपाठनमा न्यून शुल्क मात्र निर्धारण गरिएको छ । जनजाति, पिछडिएका वर्ग र दुर्गम स्थानका विद्यार्थी अध्ययनरत यस क्याम्पसमा थोरै शुल्कमा पढ्न पाएकै कारण लाभान्वित हुन पाएका छन् ।

## २.२ भर्ना विश्लेषण

### Bishwa Shanti Chiran Milan Campus

**Bansbari, Kathmandu (PAN:618231942)**

**Student Enrollment 2079 (BBS 2078)- Exclude Dropout**

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 1st Year | 20 | 20 | 0 | 2 | 1 | 1 | 9 | 14 | | | 10 | 4 | 41 |
| Total | | 20 | 20 | 0 | 2 | 1 | 1 | 9 | 14 | 0 | 0 | 10 | 4 | 41 |

**Student Enrollment 2079 (BBS 2077)- Exclude Dropout**

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 2nd Year | 10 | 17 | 0 | 1 | | | 2 | 8 | 1 | 2 | 7 | 6 | 27 |
| Total | | 10 | 17 | 0 | 1 | 0 | 0 | 2 | 8 | 1 | 2 | 7 | 6 | 27 |

**Student Enrollment 2079 (BBS 2076)- Exclude Dropout**

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 3rd Year | 17 | 20 | 1 | 3 | 1 | 0 | 7 | 8 | 1 | 0 | 8 | 12 | 37 |
| Total | | 17 | 20 | 1 | 3 | 1 | 0 | 7 | 8 | 1 | 0 | 8 | 12 | 37 |

**Student Enrollment 2079 (BBS 2075)- Exclude Dropout**

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 4th Year | 8 | 20 | 0 | 2 | | | 3 | 8 | 1 | 0 | 4 | 8 | 29 |
| Total | | 8 | 20 | 0 | 2 | 0 | 0 | 3 | 8 | 1 | 0 | 4 | 8 | 29 |

**Student Enrollment 2079 (BA (IV) 2078)- Exclude Dropout**

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 1st Year | 19 | 44 | 1 | 2 | 1 | 6 | 11 | 21 | | | 7 | 17 | 63 |
| Total | | 19 | 44 | 1 | 2 | 1 | 6 | 11 | 21 | 0 | 0 | 7 | 17 | 63 |

**Student Enrollment 2079 (BA (IV) 2077)- Exclude Dropout**

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 2nd Year | 9 | 21 | 0 | 1 | 2 | 2 | 2 | 9 | | | 5 | 10 | 30 |
| Total | | 9 | 21 | 0 | 1 | 2 | 2 | 2 | 9 | 0 | 0 | 5 | 10 | 30 |

**Student Enrollment 2079 (BA (IV) 2076)- Exclude Dropout**

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 3rd Year | 12 | 16 | | | 2 | 1 | 2 | 10 | 1 | 0 | 7 | 5 | 28 |
| Total | | 12 | 16 | 0 | 0 | 2 | 1 | 2 | 10 | 1 | 0 | 7 | 5 | 28 |
| Grand Total | | 95 | 160 | 2 | 22 | 7 | 10 | 36 | 78 | 4 | 2 | 48 | 62 | 255 |
| | | | | | | | | | | | | | Class 11 | 57 |
| | | | | | | | | | | | | | Class 12 | 45 |
| | | | | | | | | | | | | | Grand Total | 357 |

## Student Enrollment 2080 (BBS 2079)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 1st Year | 52 | 40 | 1 | 3 | 2 | 0 | 22 | 18 | 3 | 1 | 25 | 21 | 92 |
| Total | | 52 | 40 | 1 | 3 | 2 | 0 | 22 | 18 | 34 | 1 | 25 | 21 | 92 |

## Student Enrollment 2080 (BBS 2078)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 2nd Year | 8 | 17 | 0 | 1 | 1 | 1 | 3 | 9 | | | 4 | 5 | 25 |
| Total | | 8 | 17 | 0 | 1 | 1 | 1 | 3 | 9 | 0 | 0 | 4 | 5 | 25 |

## Student Enrollment 2080 (BBS 2077)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 3rd Year | 10 | 15 | 0 | 1 | | | 2 | 7 | 1 | 2 | 7 | 5 | 25 |
| Total | | 10 | 15 | 0 | 1 | 0 | 0 | 2 | 7 | 1 | 2 | 7 | 5 | 25 |

## Student Enrollment 2080 (BBS 2076)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 4th Year | 17 | 20 | 1 | 3 | 1 | 0 | 7 | 8 | 1 | 0 | 8 | 12 | 37 |
| Total | | 17 | 20 | 1 | 3 | 1 | 0 | 7 | 8 | 1 | 0 | 8 | 12 | 37 |

## Student Enrollment 2080 (BA (IV) 2076)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 4th Year | 12 | 16 | | | 2 | 1 | 2 | 10 | 1 | 0 | 7 | 5 | 28 |
| Total | | 12 | 16 | 0 | 0 | 2 | 1 | 2 | 10 | 1 | 0 | 7 | 5 | 28 |

## Student Enrollment 2080 (BA (IV) 2077)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 3rd Year | 5 | 19 | 0 | 1 | 1 | 2 | | | | | 4 | 9 | 24 |
| Total | | 5 | 19 | 0 | 1 | 1 | 2 | 0 | 0 | 0 | 0 | 4 | 9 | 24 |

## Student Enrollment 2080 (BA (IV) 2078)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 2nd Year | 9 | 24 | 1 | 1 | | | 7 | 12 | | | 2 | 10 | 33 |
| Total | | 9 | 24 | 1 | 1 | 0 | 0 | 7 | 12 | 0 | 0 | 2 | 10 | 33 |

## Student Enrollment 2080 (BA (IV) 2079)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 1st Year | 20 | 19 | | | | | 7 | 8 | | | 13 | 9 | 39 |
| Total | | 20 | 19 | 0 | 0 | 0 | 0 | 7 | 8 | 0 | 0 | 13 | 9 | 39 |
| Grand Total | | 133 | 170 | 3 | 13 | 7 | 4 | 50 | 72 | 6 | | 13 | 9 | 303 |

| | |
|---|---|
| Class 11 | 62 |
| Class 12 | 57 |
| Grand Total | 422 |

# Bishwa Shanti Chiran Milan Campus

**Bansbari, Kathmandu (PAN:618231942)**

## Student Enrollment 2081 (BBS 2080)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 1st Year | 39 | 50 | 10 | 6 | 2 | 3 | 17 | 27 | 4 | 1 | 16 | 19 | 89 |
| Total | | 39 | 50 | 10 | 6 | 2 | 2 | 17 | 27 | 5 | 0 | 16 | 19 | 89 |

## Student Enrollment 2081 (BBS 2079)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 2nd year | 28 | 22 | 0 | 1 | 1 | 0 | 14 | 12 | 1 | 0 | 12 | 10 | 50 |
| Total | | 28 | 22 | 0 | 1 | 1 | 1 | 14 | 12 | 1 | 0 | 12 | 10 | 50 |

## Student Enrollment 2081 (BBS 2078)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 3rd | 7 | 15 | 0 | 1 | 1 | 1 | 3 | 9 | | | 3 | 5 | 22 |
| Total | | 7 | 15 | 0 | 1 | 1 | 1 | 3 | 9 | 0 | 0 | 3 | 5 | 22 |

## Student Enrollment 2081 (BBS 2077)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 4th year | 6 | 8 | 0 | 1 | | | 1 | 4 | | | 5 | 4 | 14 |
| Total | | 6 | 8 | 0 | 1 | 0 | 0 | 1 | 4 | 0 | 0 | 5 | 4 | 14 |

## Student Enrollment 2081 (BA (IV) 2077)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 4th year | 5 | 18 | 0 | 1 | 1 | 2 | | | | | 4 | 9 | 23 |
| Total | | 5 | 18 | 0 | 1 | 1 | 1 | 0 | 0 | 0 | 0 | 4 | 9 | 23 |

## Student Enrollment 2081 (BA (IV) 2078)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 3rd year | 8 | 20 | 1 | 0 | | | 6 | 9 | | | 2 | 9 | 28 |
| Total | | 8 | 20 | 1 | 0 | 0 | 0 | 6 | 9 | 0 | 0 | 2 | 9 | 28 |

## Student Enrollment 2081 (BA (IV) 2079)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 2nd Year | 14 | 11 | | | | | 5 | 8 | | | 9 | 3 | 25 |
| Total | | 14 | 11 | 0 | 0 | 0 | 0 | 5 | 8 | 0 | 0 | 9 | 3 | 25 |

## Student Enrollment 2081 (BA (IV) 2080)- Exclude Dropout

| S.N | Semester | Boys | Girls | EDJ | | Dalit | | Janajati | | Madhesi | | Other | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | |
| 1 | 1st Year | 17 | 47 | 1 | 15 | | | 5 | 28 | | | 12 | 12 | 64 |
| Total | | 17 | 47 | 1 | 15 | 0 | 0 | 5 | 28 | 0 | 0 | 12 | 12 | 64 |
| Grand Total | | 17 | 47 | 1 | 15 | 0 | 0 | 5 | 28 | 0 | 0 | 12 | 12 | 315 |

| | |
|---|---|
| Class 11 | 60 |
| Class 12 | 87 |
| Grand Total | 462 |

## २.३ वार्षिक नतिजा

### २.३.१ उत्तीर्ण प्रतिशत विवरण

देशको विभिन्न क्षेत्रबाट काठमाडौँ उपत्यकामा आई बसोबास गर्ने अधिकांश विद्यार्थीहरू कुनै न कुनै रूपमा रोजगारीसँग जोडिएका हुन्छन् । क्याम्पसको अध्ययन समयमा क्याम्पस नियमित आउन नपाउने विद्यार्थीहरूभन्दा नियमित कक्षा आउने विद्यार्थीहरू नै उत्तीर्ण भएका छन् । यो हुनु स्वाभाविक पनि हो । त्रिभुवन विश्वविद्यालयको वार्षिक परीक्षाफल अध्ययन गर्दा हाम्रो क्याम्पसका विद्यार्थीहरूको परीक्षाफल सन्तोषजनक रहेको छ तर पनि हाम्रो लक्ष्यअनुरूप परीक्षाफल सन्तोषजनक रहेको छैन । क्यूएएको प्रक्रियालाई निरन्तरता दिँदै जाने हो भने हाम्रो लक्ष्यअनुरूप विद्यार्थी उत्तीर्ण गराउन सक्ने छौँ भन्ने विषयमा हामी पूर्ण विश्वस्त छौँ । गत ३ वर्षमा यस क्याम्पसबाट परीक्षामा सहभागी भएका विद्यार्थीको विवरण निम्नानुसार रहेको छ :

| साल | परीक्षामा सहभागी जम्मा | उत्तीर्ण जम्मा | प्रतिशत |
|---|---|---|---|
| २०८० | 343 | 150 | 43.73 |
| २०७९ | 422 | 152 | 36.01 |
| २०७८ | 321 | 154 | 47.97 |

### २.३.२ आन्तरिक परीक्षाको अवस्था

क्याम्पसको गुणस्तर सुधारका निम्ति परीक्षा समिति गठन गरिएको छ । समितिले आन्तरिक परीक्षाको व्यवस्थापन, सञ्चालन गर्दै आएको छ। परीक्षा सञ्चालन गर्नुपूर्व, गर्दाको अवस्था र सम्पन्न गरेपछिको समग्र मूल्याङ्कन गर्न क्याम्पस प्रमुख, विभागीय प्रमुख र परीक्षा समितिको संयुक्त बैठक बस्ने गरेको छ । उक्त बैठकले परीक्षाका सम्बन्धमा औँल्याएका कमीकमजोरीको समीक्षा गर्दै आगामी दिनमा त्यसको न्यूनीकरण र निराकरण गर्ने नीति परीक्षा समितिले अवलम्बन गरेको छ । यद्यपि परीक्षालाई अझ व्यवस्थित गर्न समितिले सक्दो प्रयास गरे तापनि प्रश्नपत्रहरू समयमा आइ नपुग्ने, परीक्षणमा विलम्ब हुने, प्राप्ताङ्कलाई समयमै व्यवस्थित गर्न नसक्दा परीक्षाफल प्रकाशनमा समस्याहरू न्यूनीकरण गर्न सफल भए पनि निराकरण गर्न भने सबैको साथ र सहयोगको आवश्यकता समितिले महसुस गरेको छ ।

परीक्षाका सकरात्मक पक्ष

- शैक्षिक क्यालेन्डरमा परीक्षा तालिका समेत उल्लेख गरेबाट परीक्षासम्बन्धमा अन्योलता हटेको,
- प्रश्नपत्रहरूको समयमै व्यवस्थापन हुन थालेको,
- परीक्षामा विद्यार्थीहरूको सहभागिता क्रमशः बढ्दै गएको ,
- परीक्षा पहिलाको तुलना व्यवस्थित र मर्यादित हुँदै गएको,
- समयमै परीक्षाफल प्रकाशित गर्न थालिएको,
- परीक्षा नियमित र व्यवस्थित गर्दा क्याम्पसको पढाइलेखाइमा गुणस्तर कायम हुँदै गएको ।

नकारात्मक पक्षः

- सम्पूर्ण विद्यार्थीहरूलाई परीक्षामा सहभागी गराउन नसकिएको
- परीक्षाको सूचना समयमै सबै विद्यार्थीमा पुर्‍याउन नसकिएको
- परीक्षाका बेला निरीक्षकको भूमिका सशक्त पार्न नसकिएको
- विद्यार्थीमा परीक्षाको महत्त्व र औचित्य बुझाउन नसकिएको
- कमजोर विद्यार्थीहरूलाई पृष्ठपोषणका लागि पर्याप्त समय दिने नसकिएको ।

अनुतीर्ण हुने विद्यार्थी र सहभागी नहुने विद्यार्थीलाई सहभागी गराउने नीति

परीक्षामा अनुतीर्ण हुने र सहभागी नहुने विद्यार्थीहरूका लागि समितिले पुनर्परीक्षाको व्यवस्था गरेको छ । तर मूल परीक्षामा अनुपस्थित धेरै हुने र अनुतीर्ण हुनेहरूले पनि पुनर्परीक्षामा सहभागी हुन असजिलो मान्ने भएका कारण पनि यो प्रभावकारी हुन सकेको छैन ।


आगामी वर्षको योजना

परीक्षा समितिले गतवर्षका क्रियाकलाप तथा अनुभवहरुलाई समेत आत्मसात गर्दै आगामी वर्ष परीक्षालाई अझ प्रभावकारी र परिणामामुखी बनाउने लक्ष्य लिएको छ । त्यसका लागी विभागीय प्रमुख संकाय सदस्य, क्याम्पस प्रशाशन सँग छलफल गरी प्राप्त सुझावको अधारमा अगाडि बढ्ने नीति समितिले लिएको छ ।

परीक्षा समिति आँफैमा एक महत्त्वपूर्ण समिति हो । यसका क्रियाकलापले समग्र क्याम्पसको शैक्षिक गुणस्तर कायम गर्ने कुरामा सरोकार राख्छ । परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन समितिले अहोरात्र प्रयास गरिरहेको छ । यद्यपि यस समितिले मात्र गर्न सक्ने काम नभएर क्याम्पस प्रशाशन, सङ्काय सदस्य, विद्यार्थी लगायतका सरोकारवालाहरूको सामूहिक प्रयास भएकाले यसमा सबै पक्षको साथ सहयोगको उत्तिकै खाँचो देखिन्छ ।

## ३. प्रशासनिक क्षेत्र

क्याम्पसलाई व्यवस्थित रूपमा सञ्चालन गर्न प्रशासनको महत्त्वपूर्ण भूमिका रहेको छ । क्याम्पसको सर्वोच्च निकाय क्याम्पससभा हो । क्याम्पस सभाले क्याम्पस सञ्चालक समितिको गठन गर्दछ । यसरी गठिन सञ्चालक समितिले क्याम्पसले शैक्षिक तथा प्रशासनिक क्षेत्रको उल्लेख्य निर्णय गर्ने निकाय हो । यसले समानान्तर रूपमा क्याम्पस संरक्षण समिति, क्याम्पस सल्लाहकार समिति, गुणस्तर अनुगमन तथा परीक्षण समिति, क्याम्पस सेवा आयोग र क्याम्पस प्रमुखको चयन गर्दछ । यस क्याम्पसको प्रशासनिक संरचनालाई निम्नानुसार देखाइएको छ :


क्याम्पस सभा
सञ्चालक समिति
स्तर अनुगम परीक्षण समिति
क्याम्पस सभा आयोग
क्याम्पस प्रमुख
क्याम्पस संरक्षण समिति
सल्लाहकार समिति
IQAC
कार्यक्रम संयोजक
शैक्षिक
प्रशासनिक
विभागीय प्रमुख
लेखा, पुस्तकालय, कार्यलय सहयोग
विषयगत शिक्षक
विद्यार्थी
EMIS
SAT
परीक्षा समिति
अतिरिक्त क्रियाकलाप समिति
अनुसन्धान व्यवस्थापन समिति
स्वास्थ्य समिति
रोजगार तथा परामर्श समिति
पुस्तकालय व्यवस्थापन समिति
गुनासो सुनुवाइ समिति
छात्रवृत्ति छनोट समिति
अन्तर्राष्ट्रिय समन्वय समिति
अभिभावक सम्पर्क समिति
सार्वजनिक सूचना प्रकाशन
छपाइ तथा प्रकाशन समिति
आर्थिक समिति
चमेनागृह व्यवस्थापन समिति
प्रयोगशाला व्यवस्थापन समिति
विद्यार्थी भर्ना समिति
पूर्व विद्यार्थी समाज
विद्यार्थी क्वालिटी सर्कल
पुस्तकालय सल्लाहकार समिति
खरिद बिक्री व्यवस्थापन

### ३.१ जनशक्ति

क्याम्पसमा दैनिक रूपमा कार्यरत अध्यापन र व्यवस्थापनमा नियुक्त भएका जनशक्तिलाई शैक्षिक र प्रशासनिक गरी दुई वर्गमा विभाजन गरिएको छ ।

**शैक्षिक**

यस क्याम्पसको शैक्षिक जनशक्ति पूर्णकालीन र आंशिक गरी दुई किसिमको छ । केही जनशक्ति पदपूर्ति गर्न बाँकी छ । जम्मा १९ जना शैक्षिक जनशक्तिमध्ये १२ जना पूर्णकालीन रहेका छन् भने ७ जना आंशिक छन् । पूर्णकालीन र आंशिक जनशक्तिको विवरण निम्नानुसार रहेको छ :

| पूर्णकालीन | | | आंशिक | |
|---|---|---|---|---|
| क्रम | नाम | विषय/सङ्काय | नाम | विषय |
| १ | नेत्रप्रसाद न्यौपाने | नेपाली | कृष्णभक्त वाग्ले | |
| २ | सञ्जीव मिश्र | पत्रकारिता | बालाराज घिमिरे | |
| ३ | मनोज अधिकारी | अर्थशास्त्र | सञ्जय आचार्य | |
| ४ | गङ्गा चिमरिया | व्यवस्थापन | मानबहादुर तामाङ | |
| ५ | तेजप्रसाद तिम्सिना | व्यवस्थापन | सुदर्शन अधिकारी | |
| ६ | नवीन धिताल | पत्रकारिता | जगदीश कार्की | |
| ७ | पञ्चकुमारी राई | समाजशास्त्र | विष्णु खड्का | |
| ८ | लक्ष्मीनारायण मिश्र | नेपाली | | |
| ९ | सुबास प्याकुरेल | नेपाली | | |
| १० | सत्यराज जोशी | अङ्ग्रेजी | | |
| ११ | निरज नेपाल | लेखाशास्त्र | | |
| १२ | अञ्जली निरौला | अर्थशास्त्र | | |

**प्रशासनिक**

क्याम्पसको दैनिक प्रशासन सञ्चालन गर्न क्याम्पस प्रमुख, कार्यक्रम संयोजकको व्यवस्थापन गरिएको छ भने लेखाशाखा, पुस्तकालय र कार्यालय सहयोगी गरी ३ कर्मचारीहरू न्यूनतम आवश्यक रहेकोमा हाल पुस्तकालय सहायकको पद रिक्त रहेकाले कर्मचारीको सङ्ख्या दुई रहेको छ । क्याम्पसको कार्यभारका तुलनामा प्रशासनिक जनशक्ति अति कम रहेको अवस्था हो ।

भौतिक प्रगति (Physsical Progress)

## ४ संरचना विकास (Enfrastructural Dedelopment)

भौतिक संरचनामा विगत वर्षहरूभन्दा नयाँ कुनै परिवर्तन भएको छैन । प्रदेश सरकारको सहयोगमा एउटा पक्की कोठा निर्माण भएको छ । बाँकी पुरानै यथावत् कायम रहेको छ ।

विश्वशान्ति चिरन मिलनलाई स्थानीय सरकारले काठमाडौं महानगरपालिका वडा नं. ३ स्थित बाँसबारी गैरी गाउँमा करिब ४ रोपनी जग्गा उपलब्ध गराएको छ । सोही जग्गामा विश्वविद्यालय अनुदान

आयोग, जिल्ला विकास समिति, स्थानीय सरकार र अन्य पक्षबाट प्राप्त आर्थिक सहयोगले दुई तले भवन निर्माण गरी पठनपाठन सञ्चालन गरिएको छ । यसैगरी यो आर्थिक वर्षमा स्थानीय सरकारको सहयोगमा क्याम्पस भवनमा रङ लगाउने तथा खानेपानीका लागि डिप वोरीङ र पानी प्रशोधन, क्याम्पस हाताभित्र उद्यान निर्माण लगायतका कार्यहरु पनि सम्पन्न भएका छन् ।

## ४.१ क्याम्पसको संरचना

गुणस्तरीय पठनपाठनका लागि निजी भवनको आवश्यकता हुनु आवश्यक रहेछ । आफ्नो भवन नहुँदा क्याम्पसको पठनपाठनमा विभिन्न किसिमका अवरोधहरूसँग सङ्घर्ष गर्नुपऱ्यो । २०६३ सालमा क्याम्पसले एउटा वृहत् महायज्ञ आयोजना गऱ्यो । महायज्ञबाट प्राप्त सहयोगले क्याम्पसलाई थोरै गति प्रदान गर्न सहज भयो । फलस्वरूप क्याम्पसको स्थायीत्वका निम्ति जग्गाको खोजी गर्न थालियो । २०६४।०६५ सालतिर बाँसबारी जलढुंगामा रहेको करिव ४ रोपनी सार्वजनिक जमिन स्थानीय समुदायको पहलमा क्याम्पसलाई उपलब्ध गराउन पहल गरियो । उक्त जग्गा स्थानीय सरकारले विश्वशान्ति चिरन मिलन क्याम्पसको नाममा भोगाधिकार उपलब्ध गराएपछि क्याम्पसलाई हरेक क्रियाकलाप गर्न र निजी भवन निर्माण गर्न सहज भएको छ । क्याम्पसले भोगाधिकारका रूपमा जग्गा प्राप्त गरेपछि विश्वविद्यालय अनुदान आयोग, जिल्ला विकास समिति लगायत विभिन्न दाताहरूको आर्थिक सहयोगमा भवन निर्माण गरी हाल आफ्नै भवनमा पठनपाठन सञ्चालन हुँदै आएको छ । पुस्तकालय, कम्प्युटर, फर्निचर लगायतका शीर्षकहरूमा विश्वविद्यालय अनुदान आयोगको योगदान र भूमिका महत्वपूर्ण रहेको छ । हाल स्नातक तहका मानविकी तथा व्यवस्थापन सङ्काय र ११ तथा १२ का कक्षाहरू सञ्चालित छन् ।

गुणस्तरीय शिक्षा, अनुभवी प्राध्यापक, नियमित पठनपाठन, क्याम्पसको आफ्नै क्यालेन्डर अनुसारको आन्तरिक परीक्षा, त्रिभुवन विश्वविद्यालयद्वारा लिइने वार्षिक परीक्षामा प्राप्त परीक्षाफल आदि कारणले गर्दा पनि यस क्याम्पसमा भर्ना हुन आउने विद्यार्थीहरूको संख्या प्रत्येक वर्ष वृद्धि हुँदै गरेको छ । विश्वमा फैलिएको कोभिड १९ का कारण पढ्ने विद्यार्थीहरूको संख्या निरन्तर रूपमा ह्रास भइरहेको छ । त्रिविको परीक्षा परिणामलाई दृष्टिगत गर्दा केही वर्षलाई छोडेर राम्रो प्रतिशत प्राप्त भएको छ । कुनै वर्ष अपेक्षित परिणाम प्राप्त हुन नसक्नुमा अधिकांश विद्यार्थी बिहानैदेखि रोजगारीमा लाग्नुपर्ने बाध्यताका कारण पनि हो । क्याम्पसले हालका वर्षहरूमा परीक्षा परिणाम उच्च बनाउन पठनपाठन लगायतमा गुणस्तर अभिवृद्धि गर्ने कार्य प्रारम्भ गरिएको छ ।

अहिलेको अवस्थामा क्याम्पसमा पठनपाठन भइरहेका विद्यमान विषयहरूबाहेक पर्यटन, होटल व्यवस्थापन, सोसल वर्क, हस्पिटालिटि म्यानेज्मेन्ट जस्ता विषयहरूको माग हुँदा हुँदै पनि भौतिक तथा अन्य सुविधाको अभाव र सम्बन्धन लिन नसकेका कारण पनि पठन पाठन संचालन गर्न सकिएको छैन । यी विषयहरूमा आगामी दिनहरूमा प्रयास गर्दै लगिने क्याम्पसको योजना तथा कार्यक्रम रहेको छ ।

हाल क्याम्पसमा पक्की शौचालय सहित तिन ओटा भवनहरु रहेका छन् । शौचालय वाहेकका भवनभित्र रहेका कोठाहरूलाई निम्नानुसार प्रयोग गरिएको छ ।

| क्याम्पस प्रमुख कक्ष | स्टाफ रूम | लेखाशाखा | विभागीय प्रमुख र परीक्षा शाखा (पाटेसन) | पुस्तकालय | स्टोर | कम्प्युटर प्रयोगशाला | शौचालय | कक्षा कोठा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १ | ३ | १ | १ | १ | ३ | १४ |

यति हुँदाहुँदै पनि विद्यार्थी संख्या र कक्षाहरूको आवश्यकतालाई दृष्टिगत गर्दा हालको भौतिक अवस्था पर्याप्त छैन । कक्षा कोठाहरू नपुग भएकै कारण कार्यक्रम हललाई समेत पार्टिसन गरेर कक्षा सञ्चालन गर्नु पर्ने अवस्था छ । आमसंचार तथा पत्रकारिताको प्रयोगशाला व्यवस्थापन गर्न सकिएको छैन । इन्डोर गेमहरूका लागि पनि कोठाहरू अभाव छन् । बैठक कक्षको अभाव उतिकै खट्कँदो छ । हाल माग भइरहेका अतिरिक्त विषयहरूका लागि समेत भौतिक अभावकै कारण ती कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।

## फर्निचर

विद्यार्थीहरूको पठनपाठनको सहजीकरणका लागि यस क्याम्पसले उपयुक्त फर्निचरको व्यवस्थापन गरेको छ । यस क्याम्पसको फर्निचर विवरण क्याम्पसको संरचनाअनुरूप हाललाई पर्याप्त रूपमा रहेको छ । शिक्षा विकास निर्देशनालय बागमती प्रदेशबाट सामुदायिक क्याम्पस सबलीकरण कार्यक्रमअन्तर्गत प्राप्त ११ लाख बराबरको फर्निचर प्रक्रिया मुताबिक खरिद गरिएको छ । हाल क्याम्पसमा रहेका फर्निचरहरूको विवरण तपसिलबमोजिम रहेको छ :

| SN. | Particular | quantity | Made up of | new | old | Out of work |
|---|---|---|---|---|---|---|
| | Furniture | | | | | |
| 1 | Office Table | 3 | wood | 2 | 1 | |
| 2 | General Table | 3 | Wood | | 3 | |
| 3 | Computer Table Long | 6 | Wood | 6 | 0 | |
| 4 | Computer Table short | 6 | wood | 6 | 0 | |
| 5 | Desk and Benches | 206 | Wood | 205 | | 1 |
| 6 | Chairs | 18 | Wood | 11 | 7 | |
| 7 | Office Chairs | 1 | iron and Synthetic | 1 | | |
| 8 | Chairs plastics | 7 | plastics | | 7 | |
| 9 | Computer chair | 20 | iron and Synthetic | 20 | | |
| 10 | Cupboard | 2 | steel | | 2 | |
| 11 | Cupboard | | Wood | | | |
| 12 | Book rack | 10 | wood | | 10 | |
| 13 | Book rack | 3 | steel | | 3 | |
| 14 | podium | 14 | wood | 14 | | |
| 15 | Sofa set | 3 | wood | 3 | | |
| 16 | Book Cabinet | 9 | wood | 9 | | |
| 16 | Computer panel table | 6 | wood | 6 | | |
| 17 | Office cabin | 7 | Wood | 6 | | |
| 18 | Teacher's book Cabinet | 4 | wood | 4 | | |
| 19 | Tea table | 1 | wood | | 1 | |
| 20 | Low rack | 1 | wood | | 1 | |
| 21 | Steel ladder | 1 | steel | 1 | | |
| 22 | White board | 12 | wood | | 12 | |
| 23 | Notice board | 2 | wood | | 2 | |
| 24 | Dust bin | 4 | plastic | | 4 | |

## शैक्षिक सहायत (Educationl Aids)

### *शैक्षिक उपकरण*

विद्यार्थीहरूको शैक्षिक विकास तथा अतिरिक्त ज्ञानका लागि कम्प्युटर प्रयोगशालाको व्यवस्थापन गरिएको छ । नियमित पठनपाठनपछि विद्यार्थीहरूले कम्प्युटर कक्षा लिन सक्ने व्यवस्था मिलाइएको छ । कम्प्युटरबाहेक प्रोजेक्टरका माध्यमबाट समय समयमा शिक्षण सिकाइ गरिने व्यवस्था रहेको छ । क्याम्पसमा रहेका शैक्षिक उपकरणहरूको सूची निम्नानुसार हरेको छ :

| कम्प्युटर डेक्सटप | फोटो कपी मिसिन र प्रिन्टर | प्रोजेक्टर | साउन्ड बक्स | प्रिन्टर | नेट | ल्यापटप | क्यामेरा |
|---|---|---|---|---|---|---|---|
| २२ | ३ | १ | २ | १ | उपलब्ध | १ | १ |

विश्वविद्यालय अनुदान आयोगद्वारा प्राप्त आर्थिक वर्ष २०८०/०८१ को अनुदानबाट खरिद गरिएका उपकरणहरूको विवरण

| CPU | Projector | Photocopier | Portable Hars Drive | Handheld POS Scanner | Monitor |
|---|---|---|---|---|---|
| 1 | 1 | 1 | 1 | 1 | 1 |

## ५. आर्थिक प्रगति (Financial Progress)

### ५.१ आर्थिक स्रोतको विश्लेषण (तिन वर्षको)

आर्थिक सबलताबिना शैक्षिण गुणस्तरमा वृद्धि गर्न निकै कठिन हुन्छ । समयानुकूल आर्थिक पक्ष दरिलो हुनु आजको आवश्यकता हो । सामुदायिक क्याम्पसको समस्या नै आर्थिक पाटोसँग जोडिएको छ । विद्यार्थीहरूसँग न्यून शुल्क लिएर सञ्चालित कम विद्यार्थी भएका क्याम्पसहरू निकै समस्याग्रस्त बन्दै गएका छन् ।

क्याम्पस काठमाडौँ जिल्लाको केन्द्रमा रहे पनि विद्यार्थीहरू भर्ना गराउन निकै प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । नेपालका अधिकांश विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरू काठमाडौँ उपत्यकामा सञ्चालित छन् । त्यसमा पनि निजी क्षेत्रका क्याम्पसहरूसँग प्रतिस्पर्धा नगरी विद्यार्थी आकर्षण गर्न निकै मुस्किल छ । निजी क्याम्पससँग प्रतिस्पर्धा गर्नका लागि नै आर्थिक अवस्था दरिलो हुनु आवश्यक छ । त्यतिमात्र होइन, समयानुकूल विद्यार्थीहरूलाई सुविधा दिनु, क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई प्रविधिमैत्री बनाउनु आजको आवश्यकता पनि हो ।

यस क्याम्पसको आर्थिक अवस्था त्यति सबल नभए पनि सेवामूलक दृष्टिकोणले निकै सबल मानिन्छ । दिनानुदिन वार्षिक बजेटमा वृद्धि भइरहेको छ । यस क्याम्पसको विगत ३ वर्षको आम्दानीलाई लेखा परीक्षणका आधारमा निम्नानुसार देखाइएको छ :

### ५.२ **सरकारी स्तरबाट प्राप्त गत ३ वर्षको आम्दानी**

| आर्थिक वर्ष | स्रोत | अनुदान रकम |
|---|---|---|
| २०८०/२०८१ | (युजिसीबाट नियमित, उपकरण खरिद, अनुसन्धान तथा अन्तराष्ट्रिय सम्मेलन) | रु. १९४१८००.०० |
| २०७९/२०८० | (युजिसीको नियमित अनुदान) | रु. १२५१०००.०० |
| २०७८/२०७९ | (युजिसीको नियमित) | रु. १२०५०००.०० |
| २०७८/२०७९ | (बागमती प्रदेश) | रु. १४५०८८८.०० |

### ५.३ निजी स्रोत

यस क्याम्पसको निजी आम्दानी स्रोत केही पनि छैन ।

### ५.४ विद्यार्थी शुल्क

गत वर्षको तुलनामा यस वर्ष विद्यार्थीबाट उठ्ने शुल्कमा वृद्धि भएको छ । आर्थिक वर्ष २०७७/२०७८ को तुलनामा यस वर्ष २५९३७६३। (पच्चिस लाख त्रियानब्बे हजार सात सय त्रिसठ्ठी) रकम बढी उठेको छ । विद्यार्थीबाट प्राप्त स्नातक र कक्षा ११ तथा १२ सहितको गत तीन वर्षको आम्दानी निम्नानुसार रहेको छ :

| आर्थिक वर्ष | स्रोत | रकम रु. |
|---|---|---|
| २०८०/२०८१ | विद्यार्थी शुल्क | ६३०७३०३ |
| २०७९/२०८० | विद्यार्थी शुल्क | ५९८७३५० |
| २०७८/२०७९ | विद्यार्थी शुल्क | ५८०१५९४ |

### ५.५ अन्य स्रोत

| **स्रोत** | आ.व. २०८०/२०८१ को आमदानी | आ.व. २०७९/२०८० को आमदानी | आ.व. २०७८/२०७९ को आमदानी |
|---|---|---|---|
| त्रिविविको परीक्षा सञ्चालन खर्च | २३८०००.०० | ०० | १९४१३०.०० |
| राष्ट्रिय परीक्षा बोडबाट परीक्षा सञ्चालन खर्च | १२२२८२.०० | १०२५३८.५० | १३७४६४.५० |
| क्याम्पस सभा सदस्य शुल्क तथा अन्य सहयोग | ०० | ८३३०७०.०० | ०० |

## ६.खर्च विश्लेषण (तीन वर्षको) (Expenditures Analysis of tha Last Three Years)

### ६.१. नियमित खर्च

#### ६.१.१ तलब

क्याम्पसपा अध्यापनरत प्राध्यापक तथा कर्मचारीहरूलाई दिने नियमित पारिश्रमिकको व्यवस्था गरिएको छ । समयानुकूल पारिश्रमिक नभए पनि क्याम्पसको आयस्रोतले भ्याएसम्म मासिक रूपमा क्याम्पसले पारिश्रमिक उपलब्ध गराउँदै आएको छ । गत तीन वर्षको नियमित तलबको विवरण यस प्रकार रहेको छ :

| आर्थिक वर्ष | रकम | कैफियत |
|---|---|---|
| २०८०/२०८१ | ५७४१५९९। | नियमित तलब |
| २०७९/२०८० | ५२७१९३९। | नियमित तलब |
| २०७८/२०७९ | ४३८७९४२। | नियमित तलब |

## ७. लेखा परीक्षण अवलोकन गत वर्षको

आर्थिक वर्ष २०८०/०८१ अघिल्लो वर्षको तुलनामा सन्तोषजनक रहेको छ । विद्यार्थीबाट उठ्ने रकम अघिल्लो वर्षको तुलनामा उठेको छ । कोभिडको समयमा निर्माण गरिएको भवनखर्चको जोहो गर्न नसकिएकाले एउटा जल्दोबल्दो समस्या सिर्जना यथावत् छ । आम्दानी र खर्च दुबैको अनुपात बढेको छ । वार्षिक लेखा परीक्षणअनुसार भुक्तानि दिनुपर्ने रकम कम भएको छ । स्थिर सम्पत्तिमा वृद्धि छ । क्याम्पस सञ्चालन खर्च बढेको छ । ५ लाख रकमको अक्षयकोष खोलिएको छ । यसरी क्याम्पसको लेखापरीक्षणको तुलना गर्दा यो आर्थिक वर्ष सन्तोषजनक रहेको छ ।

## ८. क्याम्पस सञ्चालन नीति

क्याम्पसलाई व्यवस्थित रूपमा सञ्चालन गर्न क्याम्पस सञ्चालन समितिको नेतृत्वमा क्याम्पसको विधान निर्माण भएको छ जसलाई त्रिभुवन विश्वविद्यालय योजना आयोगले स्वीकृत समेत गरिसकेको छ । त्यसै गरी गुणस्तर सुधारका निम्ति विभिन्न निर्देशिकाहरू तयार भएका छन् । तिनै नीतिनिर्देशिकाका आधारमा क्याम्पसका गतिविधिहरू सञ्चालन हुने गरेका छन् । गुणस्तर वृद्धि तथा क्याम्पस सञ्चालन प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाउन सञ्चालक समितिद्वारा स्वीकृति नीतिनिर्देशिकाहरू निम्नानुसार रहेका छन् :

१. विश्वशान्ति चिरन मिलन क्याम्पस विधान

२. क्याम्पस प्रशासन एवं सञ्चालन निर्देशिका

३. आर्थिक प्रशासन निर्देशिका

४.गुणस्तर अनुगमन तथा परीक्षण निर्देशिका

५. आन्तरिक गुणस्तर सुनिश्चितता निर्देशिका

६. अनुसन्धान व्यवस्थापन निर्देशिका

७. परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका

८. रोजगार तथा परामर्श निर्देशिका

९. गुनासो सुनुवाइ तथा व्यवस्थापन निर्देशिका

१०. सूचना सञ्चार प्रयोगशाला तथा व्यवस्थापन निर्देशिका

११. सार्वजनिक सूचना प्रकाशन तथा व्यवस्थापन निर्देशिका

१२. अतिरिक्त क्रियाकलाप तथा खेलकुद निर्देशिका

१३. शिक्षक कर्मचारी सेवा विनियम

१४. स्वास्थ्य तथा वातावरण निर्देशिका

१५. छात्रवृत्ति व्यवस्थापन निर्देशिका

१६. विद्यार्थीहरूको क्याम्पस छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने रणनीतिक निर्देशिका

१७. पुस्तकालय सञ्चालन निर्देशिका

१८. चमेनागृह सञ्चालन तथा व्यवस्थापन निर्देशिका

१९. IQAC Guidelines

२०. EMIS Guidelines

२१. E-Library Using Guidelines

२२. Strategic Plan

२३. Action Plan

२४. विद्यार्थी क्वालिटी सर्कल निर्देशिका

२५. पूर्व विद्यार्थी समाज निर्देशिका

**९. क्याम्पस सञ्चालक समितिको बैठक र प्रगतिविवरण**

क्याम्पस सभाबाट संरचित क्याम्पस सञ्चालक समिति क्याम्पसको आवश्यकताअनुसार बैठक बस्ने गरेको छ । आर्थिक वर्ष २०८० श्रावणमहिनादेखि २०८१ असोजसम्ममा सञ्चालक समितिको बैठक १४ पटक सम्पन्न भयो । सञ्चालक समितिको बैठक बसेको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

| क्रम | बैठक मिति | कैफियत |
|---|---|---|
| १ | २०८० भदौ १ | |

| | | |
|---|---|---|
| २ | २०८० भदौ ८ | |
| ३ | २०८० असोज ११ | |
| ४ | २०८० मङ्सिर ३ | सञ्चालक समिति र प्राध्यापक |
| ५ | २०८० पुस १८ | |
| ६ | २०८० पुस २९ | सञ्चालक समिति र अनुसन्धान व्यवस्थापन समिति |
| ७ | २०८० चैत्र ३ | |
| ८ | २०८१ वैशाख ३ | सञ्चालक, संरक्षण, सल्लाहकार तथा प्रतिनिधिमूलक प्राध्यापकहरूको संयुक्त बैठक |
| ९ | २०८१ वैशाख ५ | |
| १० | २०८१ जेठ ३१ | |
| ११ | २०८१ असार १० | |
| १२ | २०८१ असार २८ | |
| १३ | २०८१ साउन १३ | सञ्चालक समिति र क्यूएएसँग सम्बन्धित समिति |
| १४ | २०८१ भदौ २२ | सञ्चालक समिति र सल्लाहकार समितिको संयुक्त बैठक |

## १०. सामाजिक प्रगति (Social Progress)

### १०.१ सामाजिक कार्यक्रममा क्याम्पसको सहभागिता

समाज र विश्वशान्ति चिरन मिलन क्याम्पस आपसी सहकार्यमा एकमत भएका छन् । समाजलाई आवश्यक पर्दा क्याम्पसले गर्न सक्ने सक्दो सहयोग गरेको छ भने क्याम्पसलाई आवश्यक पर्दा समुदायले पन खुलेरै सहयोग गर्ने परिपाटीको विकास गरेको छ ।

काठमाडौं महानगरपालिका वडा नं. ३ स्थित महाराजगञ्ज बाँसबारी, जलढुंगामा वरिपरि विभिन्न पेशामा आवद्ध विभिन्न जातजातिको बसोबास रहेको छ । समाजका विभिन्न जातजाति, धर्म सम्प्रदायलगायत सामाजिक विकास र चेतनामूलक कार्यक्रमामा समाजका हरेक पक्षले क्याम्पसलाई निमन्त्रणा गर्ने गरेका छन् । त्यस्ता कार्यहरूमा सहभागी भई क्याम्पसको प्रतिनिधित्व गर्ने परम्परा रहेको छ । समुदायभित्रको सरसफाइ, स्वास्थ्यसम्बन्धी कार्यक्रम, बौद्धिक कार्यक्रम वा संस्कारगत कार्यक्रमहरूमा क्याम्पस सहभागी हुने गरेको छ । यसका अतिरिक्त क्याम्पसको आयोजनामा समेत विविध सामाजिक कियाकलापहरू सम्पन्न हुँदै आएका छन् । कोरोना सचेतना र्‍याली, सरसफाई, लैङ्गिक समानता जस्ता सवालमा क्याम्पसले विविध कार्यक्रमहरू आयोजना गर्दै आएको छ । यो प्रयासले क्याम्पस सामाजिक क्रियाकलापको केन्द्रविन्दुका रूपमा परिचित हुँदै गएको छ ।

### १०.२ क्याम्पसलाई समाजले गरेको योगदान

समाज र क्याम्पसका बिचको निकटतम सम्बन्धका कारण ने यो क्याम्पस सामुदायिक बन्न पुगेको हो । हरेक कार्यमा समुदायले क्याम्पसलाई आवश्यक सहयोग गर्दै आएको छ । समाज र विश्वशान्ति चिरन मिलन क्याम्पस एक सिक्काका दुई पाटा बन्दै गएका छन् । क्याम्पसका हरेक क्रियाकलापमा समुदाय सहभागी हुने गरेको छ । विश्वशान्ति क्याम्पस सहरिया परिवेशमा रहेको सामुदायिक शिक्षण संस्था हो । सहरिया परिवेश ग्रामीण परिवेशभन्दा अलि फरक हुन्छ । प्रायः सहरी क्षेत्रमा समुदायको आँखा कम पर्दछ तर विश्वशान्ति चिरन मिलन क्याम्पस रहेको समुदाय क्याम्पसप्रति सधैं सकारात्मक सोच र

क्याम्पसको दिगो भौतिक विकासका निम्ति हरदम प्रयासरत छ । यस गाउँमा आधिकारिक रूपमा दर्ता भएको गैरी गाउँ टोल सुधार समिति समुदायलाई नै सक्रिय गराउने संस्था हो ।

कामपा वडा नं. ३ का स्थानीयबासी क्याम्पसको प्रगतिमा उत्साहित र सहयोगी बनेका छन् । गैरी गाउँ टोल सुधार समितिले टोलको विकासका साथै टोलमा रहेको विश्वशान्ति चिरन मिलन क्याम्पसको भौतिक विकासका निम्ति उल्लेखनीय कार्यहरु गरेको छ । टोलमा बाटो निर्माण, सरसफाइ, खानेपानी, फोहोर व्यवस्थापन र सामुदायिक कार्यमा सबैलाई एकजुट गराउने कार्य गरेको छ । समितिको उल्लेखनीय कार्य भनेको विगत ३ वर्षदेखि आफ्नो क्षेत्रमा रहेको विश्वशान्ति चिरन मिलन क्याम्पसको भौतिक सुधार हो । समितिको पहलमा करिब पाँच सय मिटर बराबरको ढल निर्माण भएको छ । साथै विश्वशान्ति क्याम्पसको दुई कोठे शौचालय निर्माण यसै समितिमार्फत् सम्पन्न भएको हो । हाल क्याम्पसको वरिपरिको साँध सिमानामा पर्खाल लगाउने कार्य सम्पन्न गरेको छ साथै पर्खालमाथि ग्रिलतारको बार समेत लगाइएको छ । यसैगरी क्याम्पस हातामा उद्यान निर्माण, पुष्प रोपण जस्ता कार्यपनि यो वर्ष स्थानिय समुदायको सहयोग र सक्रियतामा सम्पन्न भएका छन् ।

## १०.३ क्याम्पसले समाजलाई योगदान गर्ने योजना

समाजबिनाको क्याम्पस असम्भव भएकाले क्याम्पसले गर्ने यथासक्य सहयोगका विषयमा क्याम्पसले निश्चित योजना बनाएको छ । विश्वशान्ति चिरन मिलन क्याम्पस समुदायको सचेतक संस्था बनेको छ । यो शैक्षिक संस्था भए पनि समाजमा हुने हरेक कार्यक्रममा सहयोगी भूमिका निर्वाह गर्नुपर्छ भन्ने मान्यताका साथ क्याम्पस अगाडि बढिरहेको छ । सरसफाइ, स्वास्थ्य, शिक्षा जस्ता विषयमा समुदयसँग सहकार्य गरी चेतनामूलक कार्यहरू सम्पन्न गर्दै आएको छ । कोभिड १९ को सङ्क्रमण कम गर्न चेतनामूलक कार्यक्रम र मास्क वितरण गर्ने जस्ता कामहरू गर्दै आएको छ । समाजका बाटाघाटा निर्माणको क्रममा, खानेपानी जडान सम्बन्धमा, ढल विस्तारका सन्दर्भमा, बिजुलीका पोल व्यवस्थापनका क्रममा र असहाय व्यक्तिहरूलाई सामूहिक रूपमा सहयोग गर्ने क्रममा क्याम्पस सदा अग्रसर हुँदै आएको छ ।

कतिपय सामाजिक कार्यहरू क्याम्पस र स्थानीय जनताको सामुहिक छलफल एवं सरसल्लाहमा सम्पन्न गरिएका छन् । समुदायका लागि आवश्यक सडक निर्माणमा क्याम्पसले उल्लेखनीय भूमिका निर्वाह गरेको छ । क्याम्पसमा आयोजना गरिने वार्षिक कार्यक्रम, नयाँ वर्षको कार्यक्रम, सरस्वती पूजा, खेलकुद, रक्तदान जस्ता सामाजिक कार्यमा पनि स्थानीय जनताको सहभागिता रहेको छ । स्थानीय जनताको आपसी सहयोग, सल्लाह र सहयताकै कारण क्याम्पसमा सामाजिक सौहार्द्रता कायम रहेको छ । भोलिका दिनमा समुदायमा चेतनामूलक कार्यक्रम सञ्चालन गरी समाजका अशिक्षित वर्गमा चेतनाको विकास गराउने योजना रहेको छ । साथै स्वास्थ्य क्षेत्रमा क्याम्पसको तर्फबाट रक्तदान कार्यक्रम, स्वास्थ्य शिविर कार्यक्रम आयोजना गर्दै आएको छ र आगामी दिनमा पनि त्यस्ता कार्यक्रमलाई निरन्तरता दिने योजना रहेको छ ।

## ११. क्याम्पसका सबल पक्षहरू

क्याम्पसको स्थापनाकालदेखि नै पिछडिएका जनजाति, न्यून आर्थिक अवस्थाका परिवारका परिवारका सन्तानलाई न्यूनतम शुल्कमा उच्च शिक्षा प्रदान गर्दै आएको छ । सामुदायिक क्याम्पस भएका नाताले र क्याम्पस निरन्तर रूपमा क्यूएएतर्फ सक्रिय रहेका कारण क्याम्पसका सबल पक्षहरू अझ सबल बन्दै गएका छन् । क्याम्पसका सबल पक्षहरूलाई निम्न बुँदाका आधारमा प्रस्तुत गरिएको छ :

१. क्याम्पसले आफ्नो भावी योजनासहित मिसन, भिजन र गोललाई किटान गरेको छ ।
२. क्याम्पसले आफ्नो दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजनालाई सफल बनाउन रणनीति तयार पारेको छ ।
३. सामुदायिक क्याम्पस भएका नाताले सुमधुर सम्बन्धका साथ समुदायको सहयोग र समर्थन रहेको छ ।
४. स्थानीय सरकारले क्याम्पसको हितमा सहयोग गर्ने वचनबद्धता प्रकट गरेको छ ।
५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याती प्राप्त प्रतिष्ठित व्यक्तित्वहरू समावेश गरिएको सञ्चालक समिति, संरक्षण समिति, सल्लाहकार समिति रहेको छ र सञ्चालब समिति चयन गर्दा क्याम्पस सभाबाट प्रजातान्त्रिक अभ्यास अवलम्बन गरिएको छ ।
६. विद्यार्थीहरूलाई रोजगारी दिन विभिन्न संघसंस्थाहरूसँग आपसी सम्झौता गरिएको छ ।
७. अनुसन्धान क्षेत्रलाई प्रभावकारी बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरू सञ्चालन गर्ने योजनासहित बजेट विनियोजन गरिएको छ ।
८. गुणस्तर सुनिश्चितताका लागि क्यूएएसँग सम्बन्धित विभिन्न समितिहरूद्वारा आआफ्नो विषयक्षेत्रमा सक्रियतापूर्वक कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
९. अतिरिक्त पाठ्यक्रम सञ्चालनका निम्ति तयारी अवस्थामा रहेको र चाँडै नै उक्त पाठ्यक्रमलाई लागु गर्ने योजना रहेको छ ।
१०. प्राविधिक, सिपमूलक, व्यावसायिक शिक्षालाई सर्वसुलभ बनाउन र आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूको त्यस्ता विषयमा पहुँच पुगोस् भन्ने उद्देश्यले सम्बन्धित विषय सम्बन्धनका लागि पहल गरिएको छ ।
११. विद्यार्थीहरूको चाहनाअनुरूप प्रशस्तै अतिरिक्त क्रियाकलापहरू गर्ने गरिएको साथै कार्यक्रमलाई व्यवस्थित र नियमित गराउन समितिको व्यवस्थापन गरिएको छ ।
१२. पठनपाठनलाई प्रभावकारी बनाउन परम्परित पद्धतिका अतिरिक्त वार्षिक पाठयोजना तयार गरी वैज्ञानिक तथा आधुनिक विधि अवलम्बन गर्न शिक्षकहरूलाई विषयगत पुनर्ताजगीकरण कार्यक्रम सञ्चालन गर्ने परिपाटीको विकास भएको छ ।
१३. शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा क्याम्पस सेवा आयोगमार्फत गुणस्तरलाई मध्यनजर गरी कक्षा अवलोकन, अन्तर्वार्ता तथा आवश्यकताअनुसार लिखित परीक्षा लिई योग्य र सक्षम उमेद्वार छनोट गर्ने परिपाटीको विकास भएको छ ।
१४. फरक क्षमता भएका विद्यार्थीहरूलाई भौतिक व्यवस्थापन तथा अध्ययनमा सहजताका लागि बेग्लै प्रावधानको व्यवस्था गर्न कार्यनीति तर्जुमा भइरहेको छ ।
१५. पठनपाठनमा कमजोर भएका वा दैनिक कक्षामा उपस्थित हुन नसक्ने विद्यार्थीहरूका लागि भर्चुअलका माध्यमबाट वा आधुनिक प्रविधिका माध्यमबाट छुट्टै व्यवस्थापन गर्न गृहकार्य भइरहेको छ ।
१६. नयाँ विद्यार्थी भर्ना गर्दा विद्यार्थीहरूको क्षमता परीक्षणका लागि प्रवेश परीक्षा लिएर अन्तर्वार्ताका माध्यमबाट छनोट भएका विद्यार्थीलाई भर्ना गराउने साथै भर्नापछि अभिमुखीकरण कार्यक्रममा क्याम्पसका नियम, अनुशासनसम्बन्धी जानकारी गराउने प्रबन्ध भर्ना नीतिमा उल्लेख गरिएको छ ।
१७. प्रतिभाशाली, आर्थिक अवस्था कमजोर भएका, दूर्गम क्षेत्रबाट काठमाडौँमा आई यस क्याम्पसमा अध्ययन गर्न चाहने, सहिद परिवारका सन्तान, फरक क्षमता भएका विद्यार्थीहरूलाई उनीहरूले बुझाएका कागजातहरू अध्ययन गरी उचित विद्यार्थीलाई पूर्ण वा आंशिक छात्रवृत्ति दिने र सर्वोत्कृष्ट अङ्क ल्याई स्नातक तह उत्तीर्ण गर्ने विद्यार्थीलाई प्रमाणपत्रसहित नगद पुरस्कारद्वारा सम्मान गर्ने परिपाटी रहेको छ ।

१८. पढ्दै–कमाउँदै भन्ने नीतिलाई प्रभावकारी बनाउन विभिन्न रोजगारीदाता, सङ्घसंस्था, उद्योगपति, व्यावसायी आदिसँग छलफल गरी ठोस कदम चालिएको छ ।
१९. गुणस्तरलाई अझ वृद्धि गर्दै उच्च प्रतिशत नतिजा ल्याउनका लागि गुणस्तर अनुगमन परीक्षण समिति गठन भएको र उक्त समितिले नियमित रूपमा विद्यार्थी, शिक्षकहरूको गुणस्तर परीक्षण गर्ने पद्धतिको विकास भएको छ ।
२०. प्रशासनिक, आर्थिक पारदर्शिताका लागि सफ्टवेयरको प्रयोग गरिएको र क्याम्पसका हरेक गतिविधिहरूलाई सार्वजनिक गर्न क्याम्पसको वेभसाइडमा अपलोड गर्ने प्रबन्ध मिलाइएको छ ।

## १२. क्याम्पसका दुर्बल पक्षहरू

क्याम्पसका सकारात्मक पक्षहरू रहँदारहँदै पनि कतिपय विषयमा क्याम्पसले प्रशस्तै अभाव खेप्नुपरेको छ । मूलतः भौतिक संरचनाको अभाव नै यस क्याम्पसको दुर्बल पक्ष हो । क्याम्पसका केही दुर्बल पक्षलाई निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छ :
१. क्याम्पस प्रवेशद्वार नभएकाले विद्यार्थी आवतजावत प्रक्रियालाई नियन्त्रण गर्न कठिनाइ भएको
२. क्याम्पस भवनमा रहेका आधारभूत कोठाहरू अपर्याप्त रहेकाले क्यूएए प्रक्रियामा ढिलाइ भएको
३. प्राविधिक उपकरणहरूको अपर्याप्तताका कारण सबै विद्यार्थीलाई प्राविधिक विषयको जानकारी गराउन नसकिएको
४. भर्ना भएका सबै विद्यार्थीहरूलाई कक्षामा नियमित उपस्थित गराउन नसकिएको
५. यर्याप्त पुस्तकहरू नभएकाले विद्यार्थीको चाहनाअनुसारको पुस्तक उपलब्ध गराउन नसकिएको
६. विद्यार्थीहरूको इच्छा र समयानुकूल विषय सम्बन्धन लिन नसकिएकाले साधारण धारका विषयहरूमात्र पढाउनु पर्ने बाध्यता रहेको
७. क्याम्पस परिसरमा खेलकुद मैदान नहुँदा विद्यार्थीहरूको खेलप्रतिको रुचिलाई पूरा गर्न नसकिएको
८. क्याम्पसको नियमित आम्दानीको स्रोत विद्यार्थीहरूबाट लिइने न्यूनतम शुल्कमात्र भएकाले शिक्षक, कर्मचारीहरूलाई समयानुकूल पारिश्रमिक दिन नसकिएको
९. विद्यार्थीहरूलाई अनुसन्धानतर्फ अभिरुचि जगाउन नसकिएको
१०. उपत्यका बाहिरका विद्यार्थीहरूलाई छात्राबासको व्यवस्थापन गर्न नसकिएको
११. क्याम्पसको लक्ष्यअनुरूप अक्षयकोषको स्थापना गर्न नसकिएको
१२. पूर्वविद्यार्थीहरूसँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन सहज नभएको

## १३. अवसरहरू

सामुदायिक क्याम्पसले समाजसँग निकट सम्बन्ध राख्ने हुँदा यसले थुप्रै अवसरहरू प्राप्त गर्न सकेको छ । क्याम्पसले प्राप्त गरेका अवसरहरूलाई निम्न बुँदाका आधारमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ :
१. देशका दूरदराजबाट काठमाडौँमा आएर बसोबास गरी यस क्याम्पसमा अध्ययन गर्ने आर्थिक विपन्न विद्यार्थीहरूलाई छात्रवृत्तिसहित उच्चशिक्षा प्रदान गर्ने अवसर प्राप्त हुनु
२. काठमाडौं महानगरपालिकामा रहेका देशविदेशमा ख्याति प्राप्त विशिष्ट व्यक्तित्वहरूलाई क्याम्पसको सञ्चालक समिति, संरक्षण समिति, सल्लाहकार समिति, आजीवन सदस्य, आवधिक सदस्य र अभिभावकका  रूपमा पाउनु
३. स्थानीयदेखि केन्द्रीय सरकारसम्म सुमधुर सम्बन्ध राख्न सफल हुनु
४. स्थानीय क्षेत्रका उद्योग, कलकारखाना, व्यवसाय, शैक्षिक संस्था, बैंक, अस्पताल आदिमा हाम्रा विद्यार्थीहरूलाई इन्टर्न गर्न र योग्यताका आधारमा रोजगारी पाउनु

५. स्थानीय समुदाय र स्थानीय सरकारको पहलमा कामपा ३, माथिल्लो पिपलबोटमा रहेको करिब ४ रोपनी जग्गा क्याम्पसले भोगचलनका निम्ति प्राप्त गर्नु
६. क्याम्पसले गुणस्तर वृद्धिमा उल्लेख प्रगति गर्न सकेमा डिम्ड विश्वविद्यालयसम्म पुग्न सक्ने आधारहरू देखिनु ।

## १४. चुनौतीहरू

क्याम्पसले विभिन्न समयमा विभिन्न चुनौतीहरू झेल्दै आउनुपरेको छ । क्याम्पसका गतिविधिहरू समयानुकूल सञ्चालन हुन नसकेमा अझै चुनौतीहरू थपिँदै जाने छन् । क्याम्पसका चुनौतीहरूलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ :

१. काठमाडौँका महङ्गा र भौतिक सम्पन्न क्याम्पसहरूबिच प्रतिस्पर्धा गर्न सहज नहुनु
२. प्राविधिक र बजारको मागअनुसार सिपमूलक, व्यावसायिक थप कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धन नपाउनु
३. क्याम्पसको आयस्रोत विद्यार्थीहरूबाट लिइने न्यूनतम शुल्कमात्र भएकाले आन्तरिक स्रोतबाट भौतिक पूर्वाधार निर्माण सम्भव नभएकाले समयानुकूल भौतिक पूर्वाधारको अभाव हुनु
४. स्थानीय सरकारसँग सहयोग लिन सरकारी नीति नियम नै फितलो देखिनु
५. त्रिविबाट समयमा परीक्षाफल प्रकाशित नहुँदा विद्यार्थीहरूमा निराशता पैदा भई विदेश पलायन हुने प्रवृत्ति बढ्नु ।

उपलब्धि

यस क्याम्पसले समयानुकूल परिस्थितिसँग सङ्घर्ष गर्दै केही उपलब्धिसमेत हासिल गरेको छ । विगत १ वर्षभित्रमा नै क्याम्पसले धेरै उपलब्धि हासिल गर्न सफल भएको छ ।

१. स्थानीय, प्रदेश र सङ्घीय तहसँग सुमधुर सम्बन्ध बढ्दै गएको
२. संस्था गुणस्तरयुक्त उच्च शैक्षिक संस्थाका रूपमा परिचित हुँदै गएको
३. विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदान लगायत अन्तर्राष्ट्रिय सम्मेलन, उपकरणका लागि अनुदान प्राप्त
४. विश्वविद्यालय अनुदान आयोगको NEHEP अन्तर्गत विस्तारित कार्यसम्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागिताका लागि विश्वशान्ति चिरन मिलन क्याम्यस छनोट भएको
५. काठमाडौँ महानगरपालिकाको गौरवको योजनाअन्तर्गत विभिन्न आयमूलक तालिम सञ्चालनार्थ क्याम्पस र महानगरपालिकाबिचको सम्झौता
६. त्रिभुवन विश्वविद्यालयबाट हाम्रो क्याम्पस सामुदायिक क्याम्पस हो भन्ने आधिकारिक प्रमाणपत्र प्राप्त
७. विभिन्न छ मुलुक र दस ओटा विश्वविद्यालयका बौद्धिक व्यक्तिहरूलाई एकै ठाउँमा जम्मा गरी एक दिने अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न
८. अन्तर्राष्ट्रिय स्तरको शान्ति जर्नल ५ भोलुम प्रकाशित
९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अनुसन्धानमूलक कार्यक्रममा क्याम्पसको प्रतिनिधित्व भएको
१०. चाइनिज सांस्कृतिक केन्द्रसँग क्याम्पसका विद्यार्थीहरूलाई निःशुल्क चाइनिज भाषा सिकाउने सहमती
११. प्रा.डा.मोहनप्रसाद लोहनीद्वारा आफ्ना स्व. पिता पं. केशव लोहनी र माता सीतादेवीको नाममा यस क्याम्पसमा अध्ययनरत प्रतिभाशाली विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नका निम्ति रु. दुई लाखको अक्षयकोष स्थापना
१२. सञ्चालक समितिसहित केही प्राध्यापकहरूलाई क्यूएए प्राप्त कोटेश्वर बहुमुखी क्याम्पस काठमाडौँमा भ्रमण अवलोकन
१३. क्यूएएसँग सम्बन्धित विभिन्न २४ ओटा समितिहरूको गठन र कार्यमा सक्रियता
१४. विश्वविद्यालय अनुदान आयोगको सहयोगमा पाँच दिने र क्याम्पसकै सक्रियतामा १ दिने अनुसन्धानमूलक कार्यशाला गोष्ठी
१५. नेपाली संस्कृतिको संरक्षण हेतु २०८० सालको तिहारमा देउसी भैलो कार्यक्रम सम्पन्न
१६. विश्वविद्यालय अनुदान आयोगबाट डिजिटलाइजेसन कार्यक्रममा छनोट

१७. क्यूएए प्रक्रियामा स्वअध्ययन प्रतिवेदन लेखन परिमार्जन गरी मूल्याङ्कनका लागि विश्वविद्यालय अनुदान आयोगमा पेस

१८. विद्यार्थीका लागि विभिन्न कार्यक्रमहरू सम्पन्न

१९. थाइल्याण्डको Krirk विश्वविद्यालयसँग सम्झौता

२०. स्थानीय सरकारबाट क्याम्पसको भवन निर्माण र गेट निर्माणका निम्ति बजेट विनियोजन

२१. त्रिविका परीक्षाहरू सञ्चालनको जिम्मेवारी

## १५ रणनीतिक योजना

क्याम्पसको दूरगामी दृष्टिअन्तर्गत क्याम्पसले पाँच वर्षे ररणनीतिक योजना निर्माण गरेको छ । उक्त रणनीतिक योजना र त्यसको कार्यान्वयन पक्षलाई समेत ध्यानमा राखी महत्त्वाकाङ्क्षी योजना नभएर आवश्यक र समयानुकूल योजनाहरू तयार गरी विश्वविद्यलय अनुदान आयोगमा समेत पेस गरिसकिएको छ । रणनीतिक योजनालाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तीन वर्गमा विभाजन गरी सहजीकरण गरिएको छ ।

### १५.१ अल्पकालीन योजना (Short term Plan)

एक वर्षको योजनालाई अल्पकालीन योजना मानिएको छ । २०८१ साउनदेखि २०८२ असारसम्मको अवधि अल्पकालीन योजनाको समयसीमा रहेको छ । अल्पकालीन योजनाभित्र निम्न कुराहरू रहेका छन् :

विश्वशान्ति चिरन मिलन क्याम्पस

# वार्षिक कार्ययोजना २०८१/२०८२

| क्र.सं. | कार्यक्रम | उद्देश्य | उपलब्धि | समय | मुख्य जिम्मेवारी | सहयोगी | अनुगमन तथा मूल्याङ्कन | बजेट | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक कार्ययोजना तथा बजेट निर्माण | वर्षभरि गरिने क्याम्पसका सम्पूर्ण कार्य तथा आर्थिक अवस्थालाई पारदर्शी बनाउनु | योजनाबद्ध कार्य गर्ने बानीको विकास र वार्षिक आयव्ययको अनुमान | २०८१ असार | क्याम्पस प्रमुख, विभागीय प्रमुख, | लेखा, विभागीय प्रमुख, र विभिन्न उपसमिति हरू | सञ्चालक समिति | ५०००। | क्याम्पसको आन्तरिक |
| २ | स्मार्ट बोर्ड | कक्षालाई प्रविधिमैत्री बनाउन | विद्यार्थीहरूमा सिकाइप्रति आकर्षित | २०८१ मङ्सिरदेखि चैत्रमसान्त | मर्मत सम्भार तथा खरिद समिति | लेखा | क्याम्पस प्रशासन तथा सञ्चालक समिति | १५०००० | दाता |
| ३ | RMC कक्ष निर्माण | गुणस्तर वृद्धि | शिक्षक, विद्यार्थीहरूमा अनुसन्धान गर्ने परिपाटीको विकास हुने र गुणस्तर वृद्धि हुने | फागुन मसान्त २०८१ | सञ्चालक समिति | क्याम्पस प्रशासन तथा कामपा ३ | गुणस्तर अनुगमन तथा परीक्षण समिति | २०००००। | युजिसी |
| ४ | एक तला | क्याम्पसको | विद्यार्थीहरूलाई अपुग | २०८१ | सञ्चालक | काठमाडौँ | कामपा ३ का | ८००००००। | स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भवन निर्माण | भौतिक पूर्वाधार विकास गर्नु | कोठा पुग्ने छ र क्यूएएसँग सम्बन्धित विविध कक्षाहरूका लागि उपयोगी हुने | भदौ देखि पुस मसान्तसम्म | समिति र सञ्चालक समितिले तोकेको निर्माण समिति | महानगर पालिका वडा नं. ३ | वडाध्यक्ष तथा प्राविधिक समूह | | सरकार |
| ५ | खानेपानी प्रशोधन | स्वस्थ खानेपानीको व्यवस्थापन गर्नु | विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरूले स्वस्थ पानी पिउने छन् र क्याम्पसले दैनिक जारको पानी किनेर ख्वाउनु पर्ने छैन । | २०८१ मङ्सिरदेखि माघसम्म | सञ्चालक समिति तथा क्याम्पस प्रमुख | दाता | सञ्चालक समिति | ५०००००। | दाता |
| ६ | सिसि क्यामरा जडान | सुरक्षा हेतु | क्याम्पस र भौतिक सामग्री सुरक्षा हुने र कक्षा अवलोकन गर्न सकिने | २०८१ असोजदेखि चैत्रसम्म | क्याम्पस प्रमुख तथा सञ्चालक समिति | कामपा ३ वडा कार्यालय वा दाता | सञ्चालक समिति | ५००००। | दाता |
| ७ | कम्तिमा ५ ओटा कोठामा प्रोजेक्टर जडान | प्रविधिमैत्री सिप विकास र प्रभावकारी शिक्षण सिकाइ | विद्यार्थीहरूको सिकाइमा प्रभावकारी हुने र प्राध्यापकहरू प्रविधिमैत्री बन्दै जाने | २०८१ भदौदेखि चैत्रसम्ममा | क्याम्पस प्रमुख तथा सञ्चालक समिति | क्याम्पस प्रशासन | सञ्चालक समिति | ३०००००। | दाता |
| ८. | गेट निर्माण | क्याम्पस तथा विद्यार्थीहरूको सुरक्षा | क्याम्पसमा अनावश्यक व्यक्तिहरूको आवागनम बन्द हुने र विद्यार्थीहरू ठिक समयमा आउने जाने व्यवस्थापन गर्न सकिने | २०८१ भदौदेखि मङ्सिरसम्ममा | क्याम्पस प्रमुख तथा सञ्चालक समिति | कामपा ३ वडा कार्यालय | सञ्चालक समिति | १५०००००। | स्थानीय सरकार |
| ९ | अनुसन्धान सँग सम्बन्धित कार्याशाला गोष्ठी, ट्रेनिङ, सेमिनार, जर्नल प्रकाशन आदि | प्राध्यापक, कर्मचारी र विद्यार्थीलाई अनुसन्धानमा सक्रिय गराउने | प्राध्यापक तथा कर्मचारीमा ज्ञानको पुनर्ताजगी र विद्यार्थीहरूमा अनुसन्धानप्रति रुचि बढ्ने | वार्षिक २ पटक | RMC | क्याम्पस प्रशासन, विभागीय प्रमुख र विद्यार्थी | गुणस्तर अनुगमन तथा परीक्षण समिति | ३५००००। | युजिसी र क्याम्पस |
| १० | स्वास्थ्य कक्ष | प्राथमिक उपचार | क्याम्पस हातामा स्वास्थ्य समस्या पर्दा प्राथमिक उपचारमार्फत समाधान गरिने | निरन्तर | स्वास्थ्य समितिको संयोजक | क्वालिटी सर्कल र प्रशासन | मूल्याङ्कन समिति | ५००००। | क्याम्पस |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | क्यूएए कार्यक्रम | गुणस्तर सुनिश्चितता प्रत्यायन प्रमाणपत्र पाउनु | विद्यार्थीहरूको गुणस्तर वृद्धि हुने, क्याम्पस प्रशासन व्यवस्थित रहने, आर्थिक पारदर्शिता कायम रहने साथै समुदाय, अभिभावक, सङ्घसंस्थासँग सुमधुर सम्बन्ध विस्तार हुने | २०८१ साउन १५ सम्ममा स्वअध्ययन प्रतिवेदन बुझाउने बाँकी काम निरन्तर | क्यूएएसँग सम्बन्धित IQAC, EMIS र अन्य समितिहरू | क्याम्पस प्रशासन र सञ्चालक समिति | गुणस्तर अनुगमन तथा परीक्षण समिति | ५०,०००। | क्याम्पस |
| १२ | पुस्तकालय कक्ष निर्माण | पुस्तकालयलाई व्यवस्थित गर्नु | विद्यार्थी तथा प्राध्यापकहरूले सहज रूपमा आवश्यक पुस्तकहरू प्राप्त गर्ने छन् । | २०८२ असार मसान्त | पुस्तकालय व्यवस्थापन समिति | क्याम्पस प्रशासन तथा विभागीय प्रमुख | सञ्चालक समिति तथा मूल्याङ्कन समिति | ५००००। | क्याम्पस |
| १३ | इ-लाइबेरी | पुस्तकालयलाई आधुनिक बनाउनु | इन्टरनेटका माध्यमबाट पुस्तक पढ्ने बानीको विकास | २०८१ फागुनमसान्त | पुस्तकालय व्यवस्थापन समिति | क्याम्पस प्रशासन तथा विभागीय प्रमुख | सञ्चालक समिति तथा मूल्याङ्कन समिति | ३००००० | युजिसी |
| १४ | विभागीय लाइबेरी | विभागलाई सबल बनाउनु | विभागीय प्रमुखले पुस्तकालय जानु नपर्ने | २०८१ भाद्र मसान्त | पुस्तकालय व्यवस्थापन समिति | क्याम्पस प्रशासन तथा विभागीय प्रमुख | सञ्चालक समिति तथा मूल्याङ्कन समिति | २००००० | क्याम्पस |
| १५ | अशक्त मैत्री तथा स्टाफ शौचालय निर्माण | अशक्त विद्यार्थीलाई सहजीकरण गर्नु | अशक्त विद्यार्थीहरूले सहज रूपमा शौच गर्न सक्ने छन् । | २०८१ चैत्रसम्म | सञ्चालक समितिले तोकेको निर्माण समिति | दाता | सञ्चालक समिति तथा क्याम्पस प्रमुख | ६०००००। | स्थानीय सरकार |
| १६ | डिजिटलाइजेसन | शिक्षकण प्रविधिमैत्री बनाउनु | विद्यार्थी तथा शिक्षकमा प्रविधिको स्तर वृद्धि | २०८१ चैत्र मसान्त | क्याम्पस प्रशासनले तोकेको समिति | युजिसी र क्याम्पस | सञ्चालक समिति तथा क्याम्पस प्रमुख | १५००००० | युजिसी |
| १७ | क्याम्पस सभाको बैठक | वार्षिक बजेट तथा कार्यक्रमको छलफल र पारित | वार्षिक प्रगति प्रतिवेदन पारित तथा शैक्षिक गतिविधि र वार्षिक बजेटको खाता निर्माणले कार्यक्रम र कार्यान्वयनमा सहज हुने | २०८१ भदौ | सञ्चालक समिति | क्याम्पस प्रमुख | अनुगमन तथा मूल्याङ्कन समिति | २००००। | क्याम्पस |
| १८ | सबै विभाग र समितिहरूमा | सबै क्षेत्रलाई डिजिटलाइजेसन गर्नु | इन्टरनेटमा सबैको पहुँच | २०८१ चैत्र | सञ्चालक समिति | क्याम्पस प्रमुख | अनुगमन तथा मूल्याङ्कन समिति | ५००००० | क्याम्पस |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | इन्टरनेट सुविधा | | | | | | | | |
| १९ | ट्रेसर स्टडिज | पूर्व विद्यार्थीहरूको खोजी | पूर्व विद्यार्थीहरुसँग सम्पर्क र पुनर्ताजगीकरण गर्नु | २०८१ चैत्र | अनुसन्धान व्यवस्थापन समिति | क्याम्पस प्रशासन तथा EMIS | अनुगमन तथा मूल्याङ्कन समिति | १५०००० | युजिसी |
| २० | अतिथि कक्ष | अतिथि सत्कार | अतिथिहरू आउँदा बस्नका लागि प्रबन्ध हुने | २०८१ चैत्र मसान्त | सञ्चालक समिति | क्याम्पस प्रशासन तथा कामपा ३ | गुणस्तर अनुगमन तथा परीक्षण समिति | २०००००। | क्याम्पस |
| २१ | डिजिटल हाजिरी | हाजिरीलाई प्रविधिमा परिवर्तन गर्नु | हाजिरीको वास्तविक तथ्य थाहा पाउन | २०८१ असार | क्याम्पस प्रशासन | मर्मतसम्भार तथा खरिद समिति | गुणस्तर अनुगमन तथा परीक्षण समिति | ८०००० | दाता |
| २२ | वार्षिकोत्सक | वर्षभरिका गतिविधिको जानकारी | विद्यार्थी, अभिभावक, प्राध्यापक, कर्मचारी, सञ्चालक समिति र क्याम्पससँग सम्बन्धित सबै पक्षका बिच भेटघाट, | पुस २२ २०८१ | सञ्चालक समिति र क्याम्पस प्रमुख | सबै समिति, विभागीय प्रमुख, विद्यार्थी, प्राध्यापक, पूर्वविद्यार्थी | सञ्चालक समिति तथा मूल्याङ्कन समिति | ५००००। | क्याम्पस |
| २३ | चेन्जिङ रुम | विद्यार्थीहरूको पोसाक परिवर्तन गर्न | ाम्पस छुट्टी भएपछि भै जागिरमा जाने वा ममा जाने विद्यार्थीलाई गएर पोसाक परिवर्तन गर्न नपर्ने | २०८१ मङ्सिर | क्याम्पस प्रशासन | मर्मत सम्भार तथा खरिद समिति | गुणस्तर अनुगमन तथा परीक्षण समिति | २००००। | क्याम्पस |
| २४ | टेबुलटेनिस बोर्ड | शारीरिक व्यायाम | विद्यार्थीहरू स्वस्थ रहने | २०८१ पुस | मर्मत सम्भार तथा खरिद समिति | क्याम्पस प्रशासन | गुणस्तर अनुगमन तथा परीक्षण समिति | ४००००। | दाता |
| २५ | क्यान्टिन | विद्यार्थी, स्टाफ र शिक्षकलाई चिया, खाजाको व्यवस्थापन | चिया खाजाका लागि बाहिर जानु नपर्ने | २०८२ वैशाख | मर्मत सम्भार तथा खरिद समिति | क्याम्पस प्रशासन | गुणस्तर अनुगमन तथा परीक्षण समिति | ५०००००। | क्यान्टिन सञ्चालक |
| २६ | सेमिनार हल व्यवस्थापन | कार्यक्रम सञ्चालन गर्न | कुनै पनि कार्यक्रम सञ्चालन गर्न सहज हुने | २०८१ चैत्र | मर्मत सम्भार तथा खरिद समिति | क्याम्पस प्रशासन | गुणस्तर अनुगमन तथा परीक्षण समिति | १००००००। | स्थानीय सरकार |
| २७ | अनुसन्धान व्यवस्थापन समितिका | कार्यलय व्यवस्थापन | कार्य गर्न सहज हुने | २०८२ वैशाख | मर्मत सम्भार तथा | क्याम्पस प्रशासन | गुणस्तर अनुगमन तथा परीक्षण | ५००००। | क्याम्पस |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लागि फर्निचर | | | | खरिद समिति | | समिति | | |
| २८ | NEHEP अन्तर्गतका कार्यक्रम | गुणस्तर सुधार | विद्यार्थीमा गुणस्तर र सिपको विकास हुने | २०८१ चैत्र | क्याम्पस प्रशासनले जिम्मा दिएका समिति | क्याम्पस प्रशासन | गुणस्तर अनुगमन तथा परीक्षण समिति | १५००००० | युजिसी |
| २९ | स्नातकोत्तर तह सम्बन्धन | तह थप | स्नातकहरूले यसै क्याम्पसमा पढ्न पाउने | २०८१ कार्तिक | क्याम्पस प्रशासन | सञ्चालक समिति | विभागीय प्रमुख | १५००००० | क्याम्पस |
| | जम्मा | | | | | | | १९०६५००० | |

## १५. २ मध्यकालीन योजना

वि.सं. २०८१ देखि २०८४ असार मसान्तसम्म गरिने योजनालाई मध्यकालीन योजनाअन्तर्गत राखिएको छ। मध्यकालीनभित्र अधिकांश भौतिक संरचनाकै योजनाहरू रहेका छन्।

### 1.2 Mid-Term Plan (FY2081-084)

| SN | Area | Timeline | Budget |
|---|---|---|---|
| 1 | Upgrade one floor in newly constructed building | 2084 Chaitra | 10,000,000.00 |
| 2 | .Construction of a disability friendly toilet | 2083 Mangsir | 500,000.00 |
| 3 | Establishment of journalism lab | 2083 Asar | 500,000.00 |
| 4 | Open access reading room establishment | 2083 Falgun | 50,000.00 |
| 5 | Construction of Goddess temple | 2084 Chaitra | 100,000.00 |
| 6 | Garden maintenance | 2082 Falgun | 100,000.00 |
| 7 | Waste management plant installation | 2083 Baisakh | 200,000.00 |
| 8 | Construction of a enquiry room | 2082 Falgun | 10,000.00 |

2.2 Mid-Term Academic Plan (2081-2084)

| SN | Area | Timeline | Budget |
|---|---|---|---|
| 1 | Inter Campus Sharing Program | 2083 Ashoj | 1500,000.00 |
| 2 | Inter-University Collaboration | 2083 Ashoj | 200,000.00 |
| 3 | Community Engagement program | 2082 Mangsir | 300,000.00 |
| 4 | Employment-Based Education | Ongoing | 50,000.00 (each year ) |
| 5 | Research Institution Development | 2083 Chaitra | 1,500,000.00 |
| 6 | Advanced Library Management | 2083 Baisakh | 500,000.00 |
| 7 | Virtual Classes Management | 2083 Baisakh | 100,000.00 |

| | | | |
|---|---|---|---|
| 8 | Language Lab Establishment | 2083 Chaitra | 600,000.00 |
| 9 | Faculty Development Program (Trainings) | Ongoing | 500,000.00 |
| 10 | Program Expansion with MA/MBS | 2083 Chaitra | 500,000.00 |
| 11 | Extracurricular Activities (Sports/Awareness programs) | Ongoing | 200,000.00 |
| 12 | Running the session with semester system | 2083 Chaitra | 200,000.00 |
| 13 | Providing access to the external agencies to use the academic facilities of campus | 2083 Chaitra | - |

## १५.३ दीर्घकालीन योजना (Long term Plan)

क्याम्पसको दीर्घकालीन योजनाअन्तर्गत २०८६ सम्मको अवधिलाई लिइएको छ । जुन पाँच वर्षको अवधिमा निम्न भौतिक तथा शैक्षिक कार्याक्रमहरू सम्पन्न गर्नुपर्ने योजना रहेको छ :

| SN | Area | Timeline | Budget |
|---|---|---|---|
| | **Construction of a Five-Storeyed Building** | | |
| 1 | Upgrade one floor in newly constructed building | 2084 Chaitra | 10,000,000.00 |
| 2 | Upgrade the journalism lab with studio | 2083 Mangsir | 500,000.00 |
| 3 | Land Acquisition | 2086 Asar | 500,000.00 |
| 4 | Renovation and upgrade the floor in existing main building. | 2085 Falgun | 50,000.00 |
| 5 | Construction of a Five-Storeyed new building | 2086 Chaitra | 100,000.00 |
| 6 | Campus bus management | 2086 Chaitra | 3,000,000.00 |
| 7 | Hostel facility arrangement | 2086 Chaitra | 1,500,000.00 |

2.3 Long Term Academic Plan (2081-2086)

| SN | Area | Timeline | Budget |
|---|---|---|---|
| 1 | International Faculty Visit and Research Collaboration | 2086 Chaitra | 1,000,000.00 |
| 2 | Deemed University | 2085 Chaitra | 2,000,000.00 |
| 3 | Autonomous Programs | 2086 Chaitra | 1,500,000.00 |
| 4 | Center of Quality Education | Ongoing | 500,000.00 |
| 5 | Program Expansion with BICT/BCA/BBA/ BBM | 2084 Mangsir | 700,000.00 |
| 6 | Developing the campus as research hub | Ongoing | 10,00000.00 |
| 7 | Result motive teaching and learning activities | Ongoing | 200,000.00 |
| 8 | Non-credit course conduction (Advance Computer, Language classes, Digital marketing) | 2084 B**aisakh** | 1,200,000.00 |
| 9 | Inter-University Collaboration | 2086 Chaitra | 1,500,000.00 |

| | | | |
|---|---|---|---|
| 10 | Community Engagement program | 2085 Chaitra | 200,000.00 |
| 11 | Employment-Based Education | 2086 Jeth | 300,000.00 |
| 12 | Virtual classes as an additional program | 2083 Baisakh | 300,000.00 |
| 13 | Faculty Development program | Ongoing | 500,000.00 |
| 14 | Community Relationship program | Ongoing | 200,000.00 |
| 15 | Reliable Source for Skilled Manpower | Ongoing | 300,000.00 |

## १६. सवाल र चुनौती (Issues ans Challenges)

सहरिया वातावरणमा च्याउजस्तै उम्रिएका शैक्षिक संस्थाहरूसँग गुणस्तरमा प्रतिस्पर्धा गर्नु हाम्रो सबैभन्दा ठुलो चुनौती हो । गुणस्तरीय पठनपाठनका लागि भौतिक सुविधा महत्त्वपूर्ण पक्ष हुन आउँछ । हाल रहेको भवनमा कक्षा कोठाको अभाव छ । विषयहरू थप गरेर अध्ययन अध्यापन गराउन भवनकै आवश्यकता पर्दछ । कक्षा सञ्चालन गर्न भवन, पुस्तकालय, पत्रकारिता प्रयोगशाला, अनुसन्धान प्रयोगशाला, प्राध्यापकहरूका लागि कार्यकक्ष आदि अभाव छन् । विद्यार्थीहरूका लागि खेल मैदान उपलब्ध गराउनु पर्ने चुनौती आफ्नै ठाउँमा छ । आगामी वर्षमा बढ्न सक्ने विद्यार्थी संख्यालाई दृष्टिगत गर्दा सबैभन्दा बढी चुनौती भवनकै देखिन आउँछ ।

हाल विद्यमान पठनपाठनका विषयबाहेक माग भइआएका अन्य बीबीए, बीएसडब्लु, पर्यटन, होटल व्यवस्थापन, हस्पिटालिटी म्यानेज्मेन्ट आदि विषय थप गर्न सकिएको छैन । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्नका लागि पनि भौतिक पूर्वाधार चुनौतीकै रूपमा रहेका छन् ।

कक्षाकोठा र शैक्षिक क्रियाकलापलाई प्रविधिमैत्री बनाउनु क्याम्पसको अर्को चुनौती रहेको छ । सामग्री र स्रोतको उपलब्ध गराउनु क्याम्पसका लागि चुनौतीपूर्ण छ । र शिक्षकलाई समेत प्रविधिमैत्री शिक्षण सिकाइका लागि उत्प्रेरित गर्नु पनि अर्को महत्त्वपूर्ण सवालका रूपमा रहेको छ । व्यावहारिक शैक्षिक ज्ञान र कतिपय प्रयोगात्मक विषयहरूका लागि कार्यक्षेत्रमा जानुपर्ने भए पनि व्यावहारिक शैक्षिक भ्रमणहरू आयोजना गर्न सकिएको छैन । कक्षा लिन नपाउने विद्यार्थीहरूका लागि अनलाई कक्षाहरूमा विश्वशान्ति चिरन मिलन क्याम्पस  जस्ता सामुदायिक क्याम्पसहरू प्रभावकारी हुन सकेको छैन । यसले शिक्षण सिकाइ र परीक्षा नतिजमा गम्भीर असर पर्ने आशङ्का उत्पन्न भएको छ । विद्यार्थीबाट सङ्कलन हुने शैक्षिक शुल्क समेत समयमा सङ्कलन गर्न नसकिँदा क्याम्पसको दैनिक खर्च तथा शिक्षकहरूको तलव भत्ता व्यवस्थापनमा चुनौती खडा भएको छ ।

### १७. क्यूएएसँग सम्बन्धित गतिविधि

विश्वविद्यालय अनुदान आयोगको नीतिनिर्देशनमा आधारित गुणस्तर सुनिश्चितता प्रत्यायन प्रक्रियामा विगत २०७६ सालदेखि निरन्तर रूपमा क्याम्पसले सक्रियता जनाउँदै आएको छ । २०७६ सालमा LOI प्राप्त गरे पनि कोभिड १९ का कारण समयावधिभित्र SSR को काम गर्न सकिएन र पुनः २०७८ सालमा नवीकरण गरी LOI नवीकरण गरी २०७९ पुस महिनामा SSR बुझाएका सम्पन्न गरी विश्वविद्यालय अनुदान आयोगमा बुझाएका थियौं । २०७९ चैत्रमा विश्वविद्यालय अनुदान आयोगबाट

SSR परिमार्जन गरी बुझाउन सुझाव प्राप्त भएको थियो । सोही सन्दर्भमा हाल परिमार्जन गरी बुझाउने तयारीमा रहेका छौँ ।

क्यूएए प्रक्रियालाई निरन्तरता दिन क्याम्पसभित्र रहेका दैनिक जनशक्तिहरूबिच कार्यविभाजन गरी विभिन्न क्षेत्रमा निरन्तर काम भइरहेको छ । जसअन्तर्गत क्यूएए प्रक्रियाका लागि २४ ओटा समितिहरू गठन भएका छन् । सबै समितिले आआफ्नो प्रगति विवरण पेस गरी समितिका प्रतिवेदन र बैठकमा केन्द्रित रहेर क्क्च तयार गरी गत साउन १३ गते विश्वविद्यालय अनुदानसमक्ष पेस गरिएको छ ।

## १८. छात्रवृत्ति

विश्वशान्ति चिरन मिलन क्याम्पसले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने प्रावधान रहेको छ । देशका दूरदराजबाट आएका विपन्न, दुर्बलाङ्ग, सहिद परिवार, दलित, जनजाति, पिछडिएको सीमान्तकृत वर्ग र प्रतिभाशाली विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने प्रावधान रहेको छ । छात्रवृत्तिका लागि विश्वशान्ति चिरन मिलन क्याम्पस छात्रवृत्ति व्यवस्थापन निर्देशिक २०७९ तर्जुमा गरिएको छ । उक्त निर्देशका क्याम्पस विधानको परिच्छेद १० मा केन्द्रित छ । यस निर्देशिकामा उल्लेख भएअनुसार छात्रवृत्ति व्यवस्थापनका लागि ३ सदस्यीय समिति गठन गर्ने व्यवस्था रहेको छ । सोही समितिले निर्देशिकामा उल्लेख भएअनुसारको प्रकिया पुऱ्याई हरेक वर्ष छात्रवृत्ति प्रदान गर्दै आएको छ । विद्यार्थीलाई प्रदान गरिने विभिन्न शीर्षकका छात्रवृत्तिहरू निम्नानुसार रहेका छन् :

छात्रवृत्तिका प्रकार

१. विश्वशान्ति चिरन मिलन सर्वोत्कृष्ट छात्रवृत्ति

२. विष्णुलाल कृष्णदेवी श्रेष्ठ प्रतिभा पुरस्कार

३. सेफ द चाइल्ड फाउन्डेसन छात्रवृत्ति

४. केशव लोहनी छात्रवृत्ति

५. कृष्णप्रसाद सिंखडा छात्रवृत्ति

६. विश्वशान्ति चिरन मिलन क्याम्पस आंशिक छात्रवृत्ति

| क्रम | छात्रवृत्तिको प्रकार | छात्रवृत्ति पाउनेको नाम | स्नातक तह | सङ्काय | रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | भावना राई २०८० | प्रथम वर्ष | मानविकी | १०००० र प्रमाणपत्र |
| २ | | सुस्मिता राई २०८० | दोस्रो वर्ष | मानविकी | १०००० र |

| | | | | | |
|---|---|---|---|---|---|
| | विश्वशान्ति चिरन मिलन सर्वोत्कृष्ट छात्रवृत्ति | | | | प्रमाणपत्र |
| ३ | | आयुष्मा भुषाल २०८० | तेस्रो वर्ष | मानविकी | १०००० र प्रमाणपत्र |
| | | अनिष गुरुङ २०८१ | प्रथम वर्ष | व्यवसथापन | |
| ४ | | मनिषा थापा २०८० | प्रथम वर्ष | व्यवस्थापन | १०००० र प्रमाणपत्र |
| | | अनिता घोरासैनी २०८० | दोस्रो वर्ष | व्यवस्थापन | १०००० र प्रमाणपत्र |
| ५ | | दिया अधिकारी २०८० | तेस्रो वर्ष | व्यवस्थापन | १०००० र प्रमाणपत्र |
| ६ | | जोरीमाया राई २०८० | प्रथम वर्ष | व्यवस्थापन | १०००० र प्रमाणपत्र |
| ७ | | रितिका परियार | प्रथम वर्ष | मानविकी | १०००० र प्रमाणपत्र |
| ८ | | | | | |
| ९ | | ऊँ माया तामाङ २०८० | कक्षा ११ | दुवै समूहबाट | १०००० र प्रमाणपत्र |
| १० | विष्णुलाल कृष्णदेवी श्रेष्ठ प्रतिभा पुरस्कार | | | | |
| ११ | | अङ्किता पाण्डे | सर्वोत्कृष्ट | व्यवस्थापन | ४००० र प्रमाणपत्र |
| १२ | | प्रियका आले मगर | सर्वोत्कृष्ट | व्यवस्थापन विषयअन्तर्गत कक्षा १२ मा सर्वोत्कृष्ट | ४००० र प्रमाणपत्र |
| १३ | | रमिता अधिकारी | दूर्गम वा पिछडिएको क्षेत्रबाट | मानविकी | १५०००। |
| १४ | सेफ द चाइल्ड तथा विश्वशान्ति छात्रवृत्ति | लामिथ लेप्चा | गरिब तथा जेहेन्दार छात्रवृत्ति | मानविकी | १००००+ १००००। |
| १५ | | अञ्जु तामाङ | गरिब तथा जेहेन्दार छात्रवृत्ति | मानविकी | १००००+ १००००। |
| १६ | | सन्ध्या तामाङ | गरिब तथा जेहेन्दार छात्रवृत्ति | मानविकी | १००००+ १००००। |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | | राधा तामाङ | गरिब तथा जेहेन्दार छात्रवृत्ति | मानविकी | १००००+ १००००। |
| १८ | कृष्णप्रसाद सिंखडा छात्रवृत्ति | त्रिविसा निरौला | फरक क्षमता भएका विद्यार्थीलाई | मानविकी | १००००। |
| १९ | केशव लोहनी छात्रवृत्ति | | | | |
| २० | विश्वविद्यालय अनुदान आयोगबाट छात्रवृत्ति पाउनेहरूको नामावली | सोनिका चौधरी २०८० | बिए प्रथम वर्ष | | |
| २१ | | अनिषा माझी २०८० | बिए प्रथम वर्ष | | |
| २२ | | जोरीमाया राई २०८० | बिबिएस प्रथम | | |
| २३ | | सङ्गीता थारू २०८० | बिए प्रथम वर्ष | | |
| २४ | | सुस्मिता लामिछाने २०८० | बिए प्रथम वर्ष | | |
| २५ | | विष्णुमाया तामाङ २०८० | बिए प्रथम वर्ष | | |
| २६ | | सरिता चौधरी २०८० | बिए प्रथम वर्ष | | |
| २७ | | करुणा श्रेष्ठ २०८० | बिए प्रथम वर्ष | | |
| २८ | | चन्दा चौधरी २०८० | बिए प्रथम वर्ष | | |
| २९ | | नवीन दाहाल २०८० | बिबिएस प्रथम वर्ष | | |
| | | बबिता दर्नाल २०८० | बिबिएस तेस्रो | | |

## १९. शिक्षण विधि (Educational Pedagogy)

मानविकी सङकायको अध्ययन विस्तारै प्रायोगिकतर्फ उन्मुख हुँदै गएको छ । हरेक विषयको ३० अङ्क प्रायोगिक भएकाले विद्यार्थीहरूलाई प्रतिशत बढाउन निकै सहज भएको छ । वार्षिक परीक्षा प्रणाली र मानविकी तथा व्यवस्थापन सङ्कायका विद्यार्थीहरूको पठनपाठन प्रक्रिया परम्परित नै रहेको देखिन्छ । वर्तमान शिक्षण सिकाइलाई प्रभावकारी बनाउने प्रजेक्टरको प्रयोग गर्न थालिएको छ । वर्तमान शिक्षण सिकाइ प्रक्रिया प्रविधिमैत्री बन्दै गएको छ । वर्तमान पाठ्यक्रम प्रायोगिक र व्यावहारिक बनेको छ । त्यसैले यस क्याम्पसको शिक्षण विधि प्राध्यापकको व्याख्यान विधिमा मात्र केन्द्रित छैन । पत्रकारिता,

समाजशास्त्र जस्ता विषयहरू विस्तारै प्रायोगिक बन्दै गएका छन् । त्यसैले व्याख्यान विधिबाहेधक प्रायोगिक शिक्षण सिकाइलाई महत्त्व दिन थालिएको छ । छलफल विधि सबैभन्दा प्रभावकारी भएकाले यो विधि पनि अवलम्बन गरिँदै आइएको छ । प्रश्नोत्तर विधिका साथै प्रायोगिक र व्यावहारिक शिक्षाका निम्ति अवलम्बन गरिने विधिहरू प्रयोग गरिँदै आइएका छन् ।

## २०. वर्षभरिमा भएका गतिविधिहरू

क्याम्पसले विगतका केही वर्षदेखि वार्षिक क्यालेन्डर तय गरी क्यालन्डरअनुसार कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । क्यूएएसँग सम्बन्धित विभिन्न समिति र विभागीय प्रमुखहरूले तय गरेको वार्षिक कार्यक्रमहरू उल्लेख्य रूपमा सम्पन्न भएका छन् । समग्रमा २०८० सालमा भएका केही प्रमुख कार्यक्रमहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

| क्रम | मिति | कार्यक्रम विवरण |
|---|---|---|
| १ | २०८०/०४/१२ | परामर्श कार्यक्रम |
| २ | २०८०/०४/१५ | खिर खाने कार्यक्रम |
| ३ | २०८०/०४/१९ | चिरञ्जीवी सिंखडाको जन्म दिनका अवसरमा फुटसल प्रतियोगिता |
| ४ | २०८०/०५/१० | हेन्सम कार्यक्रम |
| ५ | २०८०/०५/२३ | क्याम्पस सभा |
| ६ | २०८०/०५/२९ | तिजको कार्यक्रम |
| ७ | २०८०/०६/४ | शान्ति प्रार्थना कार्यक्रम |
| ८ | २०८०/०६/२८ | बडा दसैं, शुभदिपावली, छठ, इदको शुभकामना तथा नृत्य प्रतियोगिता कार्यक्रम |
| ९ | २०८०/०७/२० | कोटेश्वर बहुमुखी क्याम्पसका सञ्चालक समिति, विभागीय प्रमुख तथा अन्य समितिसँग क्याम्पस सञ्चालक समिति र विभिन्न समितिका संयोजकहरूसँग क्यूएएका विषयमा आपसी छलफल |
| १० | २०८०/०७/२६-२८ | देउसी भैलो कार्यक्रम |
| ११ | २०८०/०८/३-७ | मुस्ताङ शैक्षिक भ्रमण |
| १२ | २०८०/०८/३-७ | शैक्षिक भ्रमण,मुस्ताङ |
| १३ | २०८०/०८/१५ | वर्तमान बैंकिङ अवस्था शीर्षकमा ग्लोबल आइएमई बैंकका |
| १४ | २०८०/०८/२३ | ट्रस बिल्डिङ भिएस टिम बिल्डिङ शीर्षकमा अजित थापाद्वारा प्राध्यापकहरूलाई प्रशिक्षण |
| १५ | २०८०/०८/२४-२८ | सप्ताहव्यापी खेलकुद कार्यक्रम |
| १६ | २०८०/०९/७-१० | घान्द्रुक पोखरा शैक्षिक भ्रमण |
| १७ | २०८०/०९/२१ | क्याम्पस वनभोज कार्यक्रम |
| १८ | २०८०/१०/६ | अन्तर्राष्ट्रिय सम्मेलन |
| १९ | | सरसफाइ कार्यक्रम |
| २० | २०८०/११/२ | सरस्वती पूजा र खेलकुदका विजेताहरूलाई पदक वितरण |
| २१ | २०८०/११/५ | प्रयोगात्मक परीक्षाका लागि शिवपुरी ट्रेकिङ |
| २२ | २०८०/११/२० | कलाकार गायिका सत्यकला राईसँग अन्तरङ्ग |
| २३ | २०८०/११/२४ | वक्तृत्वकला प्रतियोगिता |

| | | |
|---|---|---|
| २४ | २०८०/११/३० | बिए चौथो वर्षलाई अनुसन्धान प्रस्तावना लेखनको अभिमुखीकरण |
| २५ | २०८०/१२/२ | सरसफाइ कार्यक्रम |
| २६ | २०८०/१२/३ | निःशुल्क दन्त शिविर |
| २७ | २०८०/१२/५ | GRIT पुस्तकलाई आधार बनाएर उत्प्रेरणात्मक कार्यक्रम |
| २८ | २०८०/१२/७ | सेल्फ डिसिप्लेन इन लिडरसिप |
| २९ | २०८०/१२/८ | स्वरोजगारका अवसर शीर्षकमा अरुणकुमार सुवेदीद्वारा अभिमुखीकरण कार्यक्रम |
| ३० | २०८०/१२/१३–१९ | आन्तरिक परीक्षा |
| ३१ | २०८०/१२/३० | नयाँ वर्षको शुभकामना आदान प्रदान तथा सांस्कृतिक कार्यक्रम |
| ३२ | २०८१/१/६ | साइबर अपराधसम्बन्धी चेतनामूलक कार्यक्रम |
| ३३ | २०८१/१/८-२१ | मन्टेश्वर तालिम विद्यार्थीलाई |
| ३४ | २०८१/३/१४ | धान दिवस |
| ३५ | २०८१/४/४ | अतिथि प्राध्यापकद्वारा कक्षा सञ्चालन |
| ३६ | २०८१/४/६ | गुरुपूर्णिमा कार्यक्रम |
| ३७ | २०८१/४/१५ | खिर खाने कार्यक्रम |
| ३८ | २०८१/५/८ | एक दिने शैक्षिक भ्रमण |
| ३९ | २०८१/५/२० | तिज कार्यक्रम |
| ४० | २०८१/६/१३ | विद्यार्थी केन्द्रित अनुसन्धानमूलक कार्यक्रम |

नेहेप अन्तर्गतका कार्यक्रम

विश्वशान्ति चिरन मिलन क्याम्पस विश्वविद्यालय अनुदान आयोगको NEHEP कार्यक्रममा छनोटमा परेको छ । जसअन्तर्गत एक चरण गरिएका कार्यक्रमहरू सम्पन्न गरी विश्वविद्यालय अनुदान आयोगमा पेस गरिसकिएको छ । अर्को वर्षका लागि कार्यक्रमहरू गर्न बाँकी रहेका छन् ।

## २१. पुस्तकालय

### २१.१ पुस्तक, पत्रपत्रिका

विद्यार्थीहरूको पठनपाठनलाई मध्यनजर गरी सबै विदार्थीका हातमा कम्तिमा एक पुस्तक प्राप्त होस् भन्ने हेतुले आर्थिक वर्ष २०७७/७८ मा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रु. ७५०,०००। रकमभन्दा बढी रकमको पुस्तक खरिद गएिके छ । यसले विद्याथीसम्पूर्ण रकममा केही थप गरी पुस्तक खरिद गरिएको छ । यसले क्याम्पसको पुस्तकालय व्यवस्थापन राम्रो बनाउन मद्दत मिलेको छ ।

शैक्षिक गुणस्तर, वृत्ति विकास एवम् खोज अनुसन्धानको मुख्य आधार पुस्तकालय नै हो । मेघावी विद्यार्थी , जिज्ञासु पाठक, एवं कुशल अध्यापकले आफ्नो अध्ययन अध्यापन र नवीन खोजहरूलाई पुस्तकालयकै माध्यमबाट उपलव्धीमूलक बनाउन सकिन्छ । क्याम्पसको स्थापना (२०४८) कालबाट पुस्तकालयलाई व्यवस्थित गर्ने प्रयास रहँदा रहँदै पनि आर्थिक अवस्थाको कारणबाट पर्याप्त रूपमा सुधार गर्न सकिएको थिएन तर खास गरी क्याम्पसले आफ्नो भवन निर्माण गरेपश्चात् पुस्तकालयको भौतिक अवस्थाको पुनर्संरचना, पाठ्यपुस्तक तथा सन्दर्भ समागीहरू थप गर्ने कार्य, पठन कक्ष तथा वितरण कक्षको व्यवस्थापनलाई सहज बनाइँदै गइएको छ । बिद्यार्थी तथा प्राध्यापकहरूको अध्ययन

कक्षमा इन्टरनेटको पहुँच बिस्तारलगायत इ लाइब्रेरी व्यवस्थापनका कार्यहरू लागू गर्ने गृहकार्य भइरहेको छ ।

यस क्याम्पसको भवनको संरचनाअनुसार एक पटकमा विद्यार्थीलाई २ वटासम्म पुस्तक वितरण गर्ने र एक महिनासम्म रिन्यु नगरी पढ्न पाउने व्यवस्था मिलाइएको छ । आवश्यकताअनुसार पुन : नवीकरण गरी विद्यार्थीलाई पुस्तक पढ्ने व्यवस्था मिलाइएको छ । प्राध्यापकलाई अनुसन्धान कार्यमा सहजताका लागि इन्टरनेट सहितआवश्यकताअनुर पुस्तकहरू दिने व्यवस्था गरिएको छ । पुस्तकालयको प्रत्यक्ष निगरानीका लागि एक जना कर्मचारीको व्यवस्था गरिएको छ ।

दैनिक रूपमा कान्तिपुर र गोरखापत्र पत्रिका खरिद गरी विद्यार्थी तथा प्राध्यापकहरूलाई पढ्ने व्यवस्था मिलाइएको छ ।

पुस्तकालयमा रहेका पाठ्यपुस्तक, सहायक पुस्तक र पत्रपत्रिकाहरूको विवरण :–

पाठ्य पुस्तक संख्या : २२००

सन्दर्भ पुस्तक संख्या : १५९०

राष्ट्रिय जर्नल संख्या : १४

अन्तराष्ट्रिय जर्नल १

दैनिकी पत्रिका ३ साप्ताहिक २ मासिक १

त्रिभुवन विश्वविद्यालयले परिमार्जित पाठ्यक्रम (४ बर्से) लागू गरेपश्चात् पुस्तकालयमा पर्याप्त पुस्तकको अभाव देखिँदै आएको छ । क्याम्पसको सीमित बजेटबाट पर्याप्त पुस्तक खरिद गर्न नसकिने र खरिद गरिएका पुस्तकहरू पनि पाठ्यक्रम परिर्वतन भई दिनाले पुराना पुस्तकहरू त्यत्तिकै थन्क्याएर राख्नु पर्ने अवस्था रहेको छ । यसै सर्न्दभमा परिर्वतित पाठ्यक्रमअनुसार पर्याप्त मात्रामा पुस्तकहरू थप गर्नु पर्ने आवश्यकताका साथै अनुसन्धानमुखी पुस्तकहरू समेत पर्याप्त मात्रामा नभएकाले सोसँग सम्बन्धित पुस्तकका लागि समेत विश्वविद्यालय अनुदान आयोगको सहयोगको आवश्यकता रहेको छ ।

## २२. अनुमानित वार्षिक बजेट (Estimated Annual Budget)

आ.व. २०८०/०८१ मा भएको खर्च विवरणलाई आधार मानेर आ.व. २०८१/०८२ को अनुमानित बजेट प्रस्तुत गरिएको छ ।

| आव २०८१/०८२ सालको अनुमानित आयव्यय | |
|---|---|
| बिजुली १ महिनाको | 45000 |
| इरा सफट सोलुसन नवीकरण तथा वेभसाइड | 70000 |
| क्यान्टिन खर्च | 150000 |
| इन्धन | 10000 |
| त्रिवि इलाइबेरी शुल्क | 5000 |
| स्टेसनरी | 50000 |
| परीषा, रजिस्ट्रेसन | 700000 |
| वेबसाइड नवीकरण शुल्क (एक वर्षको) | 5000 |

| | |
|---|---|
| जग्गा भाडा | 110000 |
| क्यूएए तयारी खाजा, खाना खर्च | 50000 |
| अतिथि सत्कार | 50000 |
| सञ्चय कोष | 192000 |
| कार्यसम्पादन | 1500000 |
| तलब | 5148000 |
| कल्याण कोष | 93000 |
| ग्रेड | 32400 |
| शान्ति जर्नल , अनुसन्धान, अन्तर्राष्ट्रिय सम्मेलन | 400000 |
| प्रेस | 150000 |
| विज्ञापन | 100000 |
| तिज कार्यक्रम | 25000 |
| नयाँ वर्षको कार्यक्रम | 100000 |
| सरस्वती पूजा | 10000 |
| दसैं कार्यक्रम | 50000 |
| नेट, फोन | 25000 |
| डिजिटलाइजेसन | 1000000 |
| लेखा परक्षिक शुल्क | 20000 |
| कर राजस्व | 100000 |
| क्याम्पस सभा खर्च | 10000 |
| शैक्षिक भ्रमण | 50000 |
| पानीका लागि बोरिङको मिसिन | 25000 |
| बाह्य परीषक | 10000 |
| त्रिवि बोर्ड परीषा खर्च | 150000 |
| उपकरण खरिद तथा मर्मत | 300000 |
| स्मारिका | 50000 |
| स्वास्थ्य | 10000 |
| खेलकुद सामग्री | 50000 |
| अतिथि प्राध्यापक | 10000 |
| पब्लिक क्याम्पस सङ्घ नवीकरण | 2500 |
| शिक्षक पुनर्ताजगीकरण खर्च | 50000 |
| यातायात | 20000 |
| दैनिक पानी, कुचो, झाडु, साबुन, हर्पिक कार्यालयीय खर्च | 30000 |
| मसलन्द | 25000 |
| मास्टर डिग्री | 1500000 |
| | 12482900 |

## २३. अनुमानित वार्षिक आम्दानी (Estimated Annual Income)

आ.व. २०८१/०८२ मा हुने क्याम्पसको अनुमानित आम्दानी निम्नानुसार गरिएको छ :

| क्रम | स्रोत | रकम |
|---|---|---|
| १ | विद्यार्थी शुल्क | ६४०००००। |
| २ | परीक्षा, रजिस्टेसन | ४०००००। |
| ३ | कार्यसम्पादन मूल्याङ्कन | १५०००००। |
| ४ | डिजिटलाइजेसन | १००००००। |
| ५ | नियमित अनुदान | १५०००००। |
| ६ | स्थानीय सरकार तथा चन्दा | १६८२९००। |
| ७ | जम्मा | १,२४,८२,९००। |

## २४. लेखापरीक्षण प्रतिवेदन २०८०/०८१

आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन स्वीकृत भइसकेको छ। प्रतिवेदनअनुसार यस आर्थिक वर्षको कूल  खर्च ९३२७६२४.२९ रहेको छ भने यस वर्षको कूल आम्दानी ९५२२७२१.२९ रहेको छ। यस वर्षको खर्च कटाएर जम्मा १९५०९५.२९ नाफामा रहेको छ।

## २५. निष्कर्ष (Conclusion)

विश्वशान्ति चिरन मिलन क्याम्पसको क्याम्पस सभाका निम्ति तयार पारिएको यो वार्षिक प्रतिवेदन क्याम्पस सञ्चालक समितिबाट स्वीकृत भई अनुमोदनका लागि क्याम्पस सभा समक्ष पेस गरिएको छ। यस वार्षिक प्रगति प्रतिवेदनमा क्याम्पसको इतिहासदेखि विविध गतिविधि, शैक्षिक कार्यक्रम, आर्थिक अवस्था, सामाजिक कार्य, क्यूएएसँग सम्बन्धित विषय, विद्यार्थी विवरण, भौतिक पक्षलगायत अल्पकालीन र दीर्घकालीन योजनाहरूसमेत समावेश गरिएका छन्।

तसर्थ उक्त प्रतिवेदन यस गरिमामय क्याम्पस सभामा अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछु।

क्याम्पस प्रमुख

नेत्रप्रसाद न्यौपाने

मिति २०८१/०६/१६